# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बटेश्वर गाउँपालिका
## धनुषा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बटेश्वर गाउँपालिका

## धनुषा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बटेश्वर गाउँपालिका

धनुषा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
मधेश प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१
च.नं. १७१

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,
बटेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बटेश्वर,धनुषा।

१. **कैफियत सहितको राय** – हामीलेपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.५ करोड ३३ लाख ६५ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.२ लाख ४० हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १० लाख ५१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू.३ करोड ३५ लाख २४ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ५३ लाख ९ हजार र पेश्की बाँकी रु. ३२ लाख ४१ हजार समेत गरी यस वर्ष रु. ५

२.३. करोड ३१ लाख २५ हजार बेरुजू कायम रहेको छ ।बटेश्वर गाउँपालिकाको गतवर्ष सम्म रु. ३३ करोड ४० लाख ८६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ३८ करोड ७२ लाख ११ हजार रहेको छ ।**बटेश्वर गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने बटेश्वर गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी बटेश्वर गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्याम प्रसाद भण्डारी)

**नायब महालेखापरीक्षक**

बटेश्वर गाउँपालिका,

धनुषा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५४ | १२१ | ५३३६५ | ० | १ | २४० | ५४ | १२० | ५३१२५ | १०५१ | १५३०९ | ३३५२४ | ० | ० | ४८८३३ | ३२४१ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धनुषा | ३३४०८६ | ० | | ३३४०८६ | ० | ५३१२५ | ३८७२११ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | ७५ | विल भर्पाईको प्रमाण पेश | २४०१५८ |
| | कुल जम्मा | - | - | २४०१५८ |

# परिचय

## १ परिचय

**(क) परिचय-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल ३१.६६ वर्ग किलोमिटर तथा २१५३० जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।१०।०४ देखि २०८०।१०।०८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) लेखापरीक्षण** - यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

**(छ) आर्थिक कारोबारको स्थिति** - कार्यालयको विनियोजनतर्फ रु. ०, राजश्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ०, आय — व्ययतर्फ रु. ०, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. ० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु** - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

**(झ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु ४१०७२.८२।-असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | लंकमान पाखीन ले उपभोक्ता समिति वाट काम गराउँदा बढी भुक्तानी वापत को रकम दाखिला भई प्रमाण पेश भएको छ। | ४१०७२.८२ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाँउपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले के कति कानुन निर्माण गरेको हो सो माग गरेकोमा विवरण उपलब्ध गराएको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख (२) वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा तलबी प्रतिवेदन पारित वेगर खर्च लेखेको पाइयो ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजना बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले भ्रमण तथा अनुगमन वापत रु.१२ लाख ८३ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. ३९ लाख १० हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• कतिपय आयोजना नगर प्रमुखको तोकादेशबाट योजना स्वीकृत गर्ने गरेको,

• निजामती सेवा ऐन २०४९ को दफा ५(क) बमोजिम प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको,

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• वितरणमूखी कार्यक्रम संचालन गरेको,

• पूँजिगत खर्चमा आयोजनाको प्राथमिकिकरण नभएको,

• टुक्रे योजनालाई प्राथमिकता दिएको,

• नापी किताब (म.ले.प.फा.नं. ५०३) छुट्टै अभिलेखको रुपमा राख्ने व्यवस्था नगरेको,

• नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) नरहेको ।

• भेरिएशन अभिलेख खाता (म.ले.प.फा.नं. ५०१) नराखेको ।

• आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं. ५०५) नराखेको ।

• ठेक्कागत अभिलेख खाता (म.ले.प.फा.नं. ५०६) तयार नगरेको ।

- ठेक्का सम्बन्धी गोश्वारा लगत (म.ले.प.फा.नं. ५०७) तयार नगरेको ।
- जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प.फा.नं. ५१४) तयार नगरेको ।
- कोषहरुको कार्यविधि कानुन नवनाएको,
- उपभोक्ताको योगदान न्यूनरुपले जुटाएको,
- कर तथा शुल्क अनुमानको ठोस आधार निर्माण नगरेको,
- कार्यविधि वेगर आर्थिक सहायता वितरण गरेको,
- आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गरेको,
- कार्य सम्पादन जमानीको मान्य अवधि नविकरण भएको नदेखिएको,
- उपभोक्ताबाट खरिद सामान परिमाण र नापी तथा उपयोग नभिडेको,
- चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरी खर्च गरेको,
- राजस्वको अनुमान र प्राप्ती प्रक्षेपणमूखी र दायरामुखी वनाउन नसकेको,
- प्राप्ती तथा भूक्तानीको खर्च सार्वजनिकीकरण नगरेको,
- विद्यार्थी तथा शिक्षक अनुपात नभिडेको मर्जरको कार्यक्रम अगाडी नवढाएको
- अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वयन नगरेको,
- एकिकृत सम्पत्ति विवरण र जिन्सीको एकीकृत लगत र निरीक्षण नगरेको,
- लक्षित समूह खर्चलाई नियन्त्रणमा ल्याउन नसकेको,
- विविध खर्चमा नियन्त्रण नगरेको,
- कार्यालयमा टेलिफोन नभएको भनी प्रयोजन नखुलाई निजी फोनमा रिचार्ज खर्च लेख्ने गरेको,
- उपभोक्ता समितिको गठन प्रक्रिया नियमानुसार नभएको,

• अनुगमन संयन्त्र निर्माण गरी योजना अनुगमनलाई प्रभावकारी नबनाएको,

• सबै प्रकारका आयोजनामा निर्माण कार्यको गुणस्तर आश्वस्त हुने प्रमाण संलग्न गर्ने नगरेको,

• उपभोक्ता समितिबाट गराएको काममा नियमानुसार खर्च अनुमोदन, खर्चको सूचना सार्वजनिकीकरण नगरेको, मर्मत सम्भारको जिम्मा सहित सम्पन्न योजना उपभोक्तालाई योजना हस्तान्तरण र सो को अभिलेखिकरण नगरेको,

• लेखा श्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले जाँच गर्नुपर्ने व्यवस्था कार्यान्वयन नगरेको

• जिन्सी खाता, बैक नगदी किताव, लेजर खाताहरु प्रमाणित गरी श्रेस्ता अद्यावधिक नगरेको/एउटा पेश्की बाँकी छँदै अर्को पेश्की दिने गरेको,

• आम्दानी तर्फको म.ले.प.फा.नं. १०४ देखि १०९ सम्म नराखेको,

• म.ले.प.फा.नं.४०७ र ४०८ जिन्सी खाता अद्यावधिक नगरेको,

• समयमा पेश्की फरछयौट नगरेको,

• नियम बमोजिम खर्चको विल भरपाईको तेरिज, जोडजम्मा, प्रमाणिकरण, भुक्तानीको छाप र खर्चका यथेष्ट प्रमाण नरहेको,

• ईन्धन खर्चको लगबुक नराखेको,

• गाँउपालिका चालु र पूँजिगत तर्फ आन्तरिक लेखापरीक्षण गराएको पाइएन ।

• नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वयन गर्नुपर्ने उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानुनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानुनको पालना गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

३ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७९।८० को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४ **वित्तीय प्रतिवेदन -**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४.१ **वित्तीय विवरणको यथार्थता -**पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.७५७९८५८९, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ८४२४३८१ समेत गरी रु. ८४२२२९७० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.२ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. १८९४३८.१ , यस वर्षको प्राप्ति रु. ८५०६२९७० ,यस वर्षको भुक्तानी रु. ८५०६२९७० र बैङ्क मौज्दात रु. १४९९२२५.४० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ७१०७९८५८.६४ | ३३१२४२४९५.०५ | ३५१६९०९९८ | ४८९४२६९२.१९ |
| एकीकृत आर्थिक विवरणअनुसार | ७०८९०४२०.५४ | ४१६३०५४६५.०५ | ४३६७५३९६८ | ५०४४१९१७.५९ |
| फरक | १८९४३८.१ | (८५०६२९७०) | (८५०६२९७०) | (१४९९२२५.४०) |

सैद्धान्तिक बेरुजु

४.३ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ७०८९०४२० मौज्दात रहेकोमा यो वर्ष रु. ७०८९०४२०.५४ प्रमाणीत एकीकृत आ वि अनुसार (सुत्र अनुसार रु. ७,१०,७९,८५८.६४) जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम एकिकृत आ वि अनुसार जिम्मेवारी सारेको देखिन्छ।

सैद्धान्तिक बेरुजु

४.४ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ३८११८७२१.५९ | ३८११८७२१.५९ | |
| चालु खर्च खाता | ० | ० | ० |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| स्थानीय तह विविध कोष खाता | १२०४६९५.०० | १७०८८०६ | (५०४१११.००) |
| विविध खर्च खाता | १७०८८०६.०० | १२०४६९५ | ५०४१११.०० |
| विपद व्यवस्थापन खाता | ७३२००८.०० | ० | (७३२००८.००) |
| स्थानीय विभाज्य कोष | ० | २२८०६५० | (२२८०६५०) |
| स्थानीय प्रकोप व्यवस्थापन खाता | ० | ७३२००८ | (७३२००८) |
| स्थानीय विभाज्य कोष | २०२००००.०० | ० | २०२००००.०० |
| कर्मचारी कल्याण कोष खाता | | ० | |
| धरौटी | ६६५७६८७.०० | ६६५७६८७ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| बैङ्क | ० | ० | ० |
| जम्मा | ५०४४१९१७.५९ | ५०७०२५६७.५९ | (२६०६५०.००) |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **शसर्त अनुदान फिर्ता -**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन ( म.ले.प.फा.नं २७२ ) को अनुसूची २१ अनुसार शसर्त अनुदान फिर्ता गरी हिसाब फरफारक गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७ **शिक्षक दरवन्दी र पदपूर्ति -**स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | १६ | ५७ | ५५ | ७ | ५६४४ |

सैद्धान्तिक बेरुजु

८ **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजे उपशिर्षक | | त्रैमासिक खर्च | | | | अषाढ महिना |
|---|---|---|---|---|---|---|
| | कुल खर्च | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| पूँजीगत खर्च | ११२९८०७५१ | ० | १०३२८२०२ | ७८८७८९६ | ९४७६४६५३ | ७६१७९१५१ |
| प्रतिशत | १०० | ० | ९.१४ | ६.९८ | ८३.८७ | ६७.४३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.२५०२८४००१ खर्च भएकोमा प्रथम त्रैमासिकमा शुन्य, दोस्रो त्रैमासिकमा रु. १०३२८२०२ (९.१४ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. ७८८७८९६ (६.९८ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ७६१७९१५१ (६७.४३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

९ **कानुन र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, ३ वटा नियमावली, ५ कार्यविधि, १ वटा रणनिती लगायत १५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले १५ वटा कानुनहरु निर्माण गरी कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरेको छैन । तसर्थ उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१० **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

११ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १५ र यो वर्ष थप भएको ३६ गरी कुल ५१ विवाद दर्ता भएकोमा ३९ वटा मात्र फस्यौंट भई १२ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **आन्तरिक आय-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३१२८७३६६६ | ३४,४८,३५०.३३ | १.१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१४ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

१५ **सहकारी नियमन-** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २३ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण

दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१७ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले यस वर्ष आवधिक योजना तयार गरेको छ। पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको

प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३/१० मा रु. ४९ करोड ८१ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३/२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।५/२७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **क्षेत्रगत बजेट र खर्चको स्थिति -**स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५,०९,९१,०००.०० | २,०६,२८,३५७.०० | ४०.४५ |
| २ | सामाजिक विकास | १७,३६,२१,५००.०० | १४,२५,७०,४२९.०० | ८२.१२ |
| ३ | पूर्वाधार विकास | १६,९४,४१,३५१.०० | ७,८३,२५,४७५.०० | ४६.२३ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १,१४,२३,०००.०० | ४६,३२,०१२.०० | ४०.५४ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १३,१५,५३,८६४.०० | ९,३१,२८,८५७.०० | ७०.७९ |
| **जम्मा** | | ५३,७०,३०,७१५.०० | ३३,९२,८५,१३०.०० | ६३.१७ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट खर्च मध्ये संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबैभन्दा बढी ७०.७९ प्रतिशत र आर्थिक विकास मा सबै भन्दा घटीमा ४०.४५ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

२२ **म्याद नाधेको पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्योंट नभई रु.३२४१३९१।-

बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.३२४१३९१।- फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| **पेश्कीकोविवरण** | **पेश्कीलिने ब्यक्ती, फर्म वा कम्पनीको नाम** | **रकम** |
|---|---|---|
| खेलकुदकार्यक्रम | सुरेश कुमार महतो | ३००००० |
| राष्ट्रपतिरनिङ्ग सिल्ड प्रतियोगिता (स्थानीय तहस्तरीय) | श्री शिवशक्ती नमुना मा.वि.बटेश्वर | १००००० |
| एम्बुलेन्सखरिद | अग्निइन्कर्पोरेटेड प्रा.लि. | २०१००५० |
| शिक्षा | लक्ष्मीमा.वि.चित्रपुर | ३७९००० |
| शिक्षा | श्रीम.म.र.दे.प्राथामिक विधालय | १००००० |
| शिक्षा | श्रीरा.प्रा.वि.विजयपुर | १००००० |
| शिक्षा | श्रीवि.पी.राष्ट्रिय प्राथामिक विधालय | १००००० |
| जनप्रियमा.वि. को ८ कोठे अधुरो भवन | श्रीजनप्रिय माध्यामीक विधालय भुचक्रपुर | १५२३४१ |
| जम्मा | | ३२४१३९१ |

| | |
|---|---|
| पेश्की | ३२,४१,३९१ |

२३ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालिकाले आफ्नो कार्य क्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्ति बाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नु पर्नेमा सो को लगत राखेको पाईएन् । पालिकाले व्यक्तिगत सो घोषणाका आधारमा मात्र व्यवसाय दर्ता तथा नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गर्ने गरेको पाईएन् । पालिकाले क्षेत्र भित्रका व्यवसायीको अभिलेख अद्यावधीक गरी करको दायरा भित्र ल्याउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२४ **मनोरञ्जन कर -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल संस्कृतिक प्रर्दशन हल संगित थियटर मनोञ्जन प्रर्दशन स्थल ऐतिहासिक स्थलको प्रवेश शुल्कमा कर लिनु पर्ने व्यवस्था छ । आर्थिक बर्ष २०७९।८० मा पालिकाले कुनै पनि मनोरञ्जन कर संकलन गरेको पाईएन् । यस पालिकाको क्षेत्र भित्र उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी कर उठाउने तर्फ ध्यान दिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२५ **आय उपकरण परिचालन -** पालिकामा निम्नानुसार उपकरण रहेको र उपकरणको चालक, इन्धन र मर्मत समेत खर्च लेखेको अवस्थामा उक्त उपकरण उपयोग आय र परिचालनको लगसिट लगानी र आय विश्लेषण गरी सार्वजनिक हितमा प्रयोग गरेको अवस्था देखिएन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरीने सेवाको आय र व्यय देखिने गरी व्यवस्थित अभिलेख राखु पर्दछ ।

| सि.नं. | सामानको विवरण | आय | कैफियत |
|---|---|---|---|
| १ | ट्याक्टर | नदेखाएको | पालिकाले ट्याक्टर सञ्चालनमा इन्धन खपत गरेको एवँ मर्मत खर्च गरेकोमा सो बापत आय शुन्य देखाएको । |
| २ | जे.सि.वि. | नदेखाएको | पालिकाले जे.सि.वि मेशिन. सञ्चालनमा इन्धन खपत गरेको एवँ मर्मत खर्च गरेकोमा आय शुन्य देखाएको । |

उल्लेखित ट्याक्टर जेसिवि बाट के कति आय सृजना भएको हो पालिकाबाट एकिन गरी असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **बिज्ञापन कर-** प्रदेश आर्थिक ऐन, २०७७ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङबोर्ड, साइनबोर्ड, ब्यानर, ट्राइभिजन बोर्ड, ग्लो बोर्ड, डिजिटल बोर्ड, स्टल, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने लेखे वा विद्युतिय तरंग प्रयोग गरिएको प्रचार सामाग्रि गरिएको बिज्ञापनमा स्थानीय तहले निर्धारण गरे बमोजिम पालिकाले संकलन गरी चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने ब्यबस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको नपाईएकोले आफ्नो क्षेत्रभित्रवाट उठ्नु पर्ने बिज्ञापन कर एकिन गरि असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **ढिला राजस्व दाखिला गरेको -**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७(१) बमोजिम प्रचलित कानुन बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । नमुना छनोटको रुपमा १ २ र ४ वडाको राजस्व असुली र दाखिला परीक्षण गर्दा अधिकाँश वडा सचिवहरुले १/२ महिनापश्चात् मात्र दाखिला गर्ने गरेको अवस्था छ । आर्थिक कार्यविधी सम्बन्धी बनेको नियमको कडाइका साथ पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **उपभोक्ता समिति मार्फत खरिद -** सार्वजनिक खरिद ऐनको दफा ४४ मा उपभोक्ता समिति बाट निर्माण कार्य गराउँदा रोजगारी सिर्जना र लाभग्राही समुदायलाई सहभागी हुन सक्ने प्रकृतिका कार्य गराउन सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष उपभोक्ता समिति मार्फत सम्पन्न गरेका देहायका योजना/कार्यहरुको भुक्तानी साथ संलग्न बील हेर्दा एकै ठेकेदारको बिल पेश गरी भुक्तानी लगेको देखिन्छ । सार्वजनिक खरिद कानुनले अपेक्षा गरेको रोजगारी सिर्जना वा समुदायको सहभागीता देखिएन । यस्ता प्रकृतिका कार्य उ.स भन्दा अन्य प्रतिस्पर्धा विधी वाट संचालन गर्दा उपयुक्त हुने देखिन्छ ।

| गो भौ | योजना | प्राबिधिक मूल्यांकन (जनसहभागिता सहित) | ठेकेदार बील | ठेकेदार | बीलमा संलग्न आइटम |
|---|---|---|---|---|---|
| २/२-३१ प्रदेश | ग्रावेलिंग | २५५४३३३ | २४९४१८५ | धनुषा आयुष कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ग्रावेल, जेसीभी, ग्रेडर |
| ४/३-२३ प्रदेश | ग्रावेलिंग | २५२३३०४ | १९२०७४८ | धनुषा आयुष कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ग्रावेल, जेसीभी, ग्रेडर |

| | | | | | |
|---|---|---|---|---|---|
| ३/१०-१ सडक बोर्ड | ग्रावेलिंग | ५६२२८२५ | ५६२४६८८ | ओम देव कन्स्ट्रक्सन | ग्रावेल, रोलर |
| ६/३-२३ | ग्रावेलिंग | ६१८५३४ | ७२८८५० | डेबिट कन्स्ट्रक्सन एण्ड सप्लायर्स | मेशिन, ग्रेवल |
| ५/३-२३ | ग्राभेलिंग | १४२१८५० | १२४०१७५ | डेबिट कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ग्रेडर, ग्रेवल |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२९ **दश शैयाको अस्पताल निर्माण -** पालिकाले ओमबुद्ध/हरिततारा/भेनस जेभीसंग २०८०/०८/०७ सम्म सम्पन्न हुने गरी रु. ८१९४०१६९ को सम्झौता गरेकोमा लेखापरीक्षण अवधी सम्म करिब २८% मात्र वित्तीय प्रगति भएको देखिन्छ । सो सम्बन्धी देखिएका व्यहोराः

२९.१ **भेरिएशन -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ र नियमावलीको नियम ११८(१)मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति वा सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएशन जारी गर्न सक्ने व्यवस्था छ । पालिकाले Earth filling in 150mm thick layer को काम २८८%, Brick soling in foundation को काम ४२% र PCC M15 work in foundation को काम २६९१% थप गरेकोमा सो को पुष्ट्याई समावेश गरेको देखिदैन भने कानूनी व्यवस्था अनुसार भेरिएशन आदेश समेत स्वीकृत गरेको देखिएन । भेरिएशन गरिएका आइटम पूर्वानुमान गर्न सकिने प्रकृतिकै रहेकोले त्यस्तो आइटम थप गरिनु उचित मान्न सकिदैन । सो सम्बन्धमा भेरिएशन को पुष्ट्याई सहितको कागज पेश गर्नुपर्ने अन्यथा असुल गर्ने रु.

| आइटम | boq qty | mb qty | दर | बढी भुक्तानी |
|---|---|---|---|---|
| Earth filling in 150mm thick layer | ३९५.८७ | १५३४.९४ | २०० | २२७८०० |
| Brick soling in foundation | ८८६.९७ | १२६३.४० | ६०० | २२५८५८ |
| PCC M15 work in foundation | १.९४ | ५४.१५ | १४००० | ७३०९४० |
| **जम्मा** | | | | **११८४५९८** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,८४,५९८ |

२९.२ **प्रोभिजनल सम -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्च गर्दा प्रमाण कागजात तथा विल भरपाई लगायतका खर्च पुष्ट्याई गर्ने प्रमाण राख्नुपर्ने व्यवस्था छ । पालिका र निर्माण व्यवसायी बीचको सम्झौताको प्रोभिजनल सम मा रहेको Engineering site का लागि भाडा बापत प्रति महिना रु.२५००० रहेको र पालिकाले दोस्रो रनिंग बील सम्म रु.२५०००० भुक्तानी गरेकोमा निर्माण व्यवसायीले Engineering site का लागि भाडामा घर लिएको प्रमाण र बील संलग्न नगरेकोले सो प्रमाण पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

३० **बिधुत पोल जडान -** सार्वजनिक खरिद नियमावलीको नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही तयार गर्नु पर्ने र मालसामानको लागत अनुमान तयार गर्दा लिनुपर्ने आधारहरुको व्यवस्था गरेको छ । पालिकाले २८ वटा पोल जडानका लागि ल.ई स्वीकृत गर्दा जिल्ला दर भन्दा बढी दर राखी ल.ई. बनाउँदा पालिकालाई अतिरिक्त व्ययभार परेको देखियो ।

| आइटम | जिल्ला दर | ल.ई.दर (ओभरहेड बाहेक) | परिमाण | बढी व्ययभार |
|---|---|---|---|---|
| 9m PSC pole | ७०३० | ९७४१.५० | २८ | ७५९२२ |
| 0.05 conductor | ५४०८० | ६०७०४ | ३.८२ | २४९३३ |
| जम्मा | | | | १००८५५ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३१ **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले राष्ट्रिय प्राथमिक बिधालयलाई भुक्तानी गर्दा प्रबिधिक मुल्यांकनका आधारमा रु.७२१६७५ भुक्तानी गर्नुपर्नेमा रु.७४४५६१ भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम सम्बन्धित बाट असुल गर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,८८६ |

३२ **जनसहभागिता -**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा कार्यालय भवनको अधुरो कार्य सम्पन्न तथा तला थप उ.स लाइ प्राबिधिक मुल्यांकन बमोजिम जनसहभागिता घटाई रु.९२३७४९ भुक्तानी गर्नुपर्नेमा रु.९४०९०० भुक्तानी गरेकोले बढी भुक्तानी असुल गर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,१५१ |

३३ **अधुरो काममा कार्य स्वीकार प्रतिबेदन -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा निर्माण कार्यको कम्तीमा ९० प्रतिशत भौतिक प्रगती भएको र आयोजनाको उद्देश्य अनुरुप योजना संचालनमा आएको अवस्थामा कार्य स्वीकार प्रतिवेदन तयार गर्न सकिने व्यवस्था छ । पालिकाले सामुदायिक भवन निर्माणका लागि उपभोक्ता समिति संग रु.१६७५६१३ को सम्झौता गरेकोमा गो भौ २०/९-२९ बाट रु.६३८०११ भुक्तानी गरी कार्य स्वीकार प्रतिबेदन जारी गरेको देखिन्छ । ४०% भन्दा कम वित्तीय प्रगतीमा उद्देश्य अनुरुप काम सम्पन्न भई योजना संचालनमा आएको यकिन गर्न सकिदैन । सम्झौता बमोजिमको सबै काम नगरी कार्य स्वीकार प्रतिबेदन जारी गरेकोमा सम्बन्धित योजना उद्देश्य अनुरुप संचालनमा आएको पुष्टयाई पालिका बाट प्रमाणित भएको देखिदैन । उद्देश्य अनुरुपका कार्य नभई कार्य सम्पन्न गर्ने प्रवृतिमा सुधार ल्याउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३४ **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देवकी नमुना मा.बि.लाई भुक्तानी गर्दा प्राबिधिक मुल्यांकन उपभोक्ता समिति सहभागिता बाहेक रु.२२४६२४१ पेश भएकोमा अघिल्लो बील बाट भुक्तानी भएको रु.६७५००० घटाई रु.१५७१२४१ भुक्तानी गर्नुपर्नेमा रु.१९७५००० भुक्तानी गरेकोले बढी भुक्तानी बापतको रकम रु.३७५९ सम्बन्धित बाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,७५९ |

३५ **अधुरो योजना -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ मा सार्वजनिक निकायले सम्झौता गर्दा कार्यसम्पादन तालिका समेत राखी सम्झौता गर्नुपर्ने र सो को परिपालना गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस आ.ब. मै सम्पन्न हुनेगरी देहायको योजनाको सम्झौता गरेकोमा सो निर्माण सम्पन्न नभई अलपत्र रहेको देखिन्छ । पालिकाले नियमावली वमोजिमको आवश्यक प्रक्रिया मार्फत योजना सम्पन्न गर्न आवश्यक पहल गर्नुपर्दछ ।

| योजना | सम्झौता रकम | हाल सम्म भुक्तानी रकम | वित्तीय प्रगति | सम्पन्न हुने म्याद |
|---|---|---|---|---|
| जनप्रिय बिधालय भवन | रु.४१५०४५९ | रु.४८०४७७ | १२% | २०८०-३-२० |
| देवकी प्रा.बि.भवन | रु.५८३१२६० | रु.४८७३८५४ | ८३.५% | २०८०-३-१० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३६ **ननफाईलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम बिक्रेताले संकलन गरेको मू.अ.कर पछिल्लो महिनाको २५ गते सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा समायोजन गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न ठेक्काको निर्माण कार्यबापत निम्न निर्माण व्यवसायीलाई भुक्तानी दिएकोमा प्यान सर्च गर्दा उक्त बिक्रेता ननफाईलर देखिएकोले मू.अ.कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु.

| **भौचर नं र मिति** | **व्यवसायीको नाम** | **प्यान नं** | **बिजक नं** | **विजक रकम मूअकर सहित** | **मूअकर रकम** | **७० प्रतिशत मुअक समायोजन** | **ननफाईलरअवधी** |
|---|---|---|---|---|---|---|---|
| २७७-१२।१७ | दिपेश जेनरल सप्लार्यस | ३०४९८८१६१ | ६३, ६१ | ९७०३९१।८० | १११७३२।३० | ७८१४२.६१ | २०७९।M।८ |
| ३६१-०२।०८ | ॐ शिव ट्रेडर्स | ६०१००१५६७ | १०३ | ८९४६२१ | १०२९२१ | ७२०४४.७ | २०८०।M।३ |
| | | | | | | १५०१८७.०८ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,१८७.०८ |

३७ **आलेप बाट कायम बेरुजु**

**एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम-** गो भौ नं १ मिति २०८०।१।१० मा ठेक्का नं ६।२०७७।०७८ को दोस्रो रनिङ बिल भुक्तानी गर्दा P.S Item अन्तर्गत ल्याब टेष्ट वापत रकम रु ३७५०० भुक्तानी भएकोमा विल पेश हुन नआएको ले उक्त भुक्तानी नियम संम्वत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३७,५०० |

३८ **एम्बुलेन्स खरिद -** सार्वजनिक खरिद ऐनको दफा ५२क मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपूर्तिकर्ताबाट अग्रिम बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्ने व्यवस्था गरेको छ । पालिकाले खरिद प्रक्रिया शुरु नै नगरी बिना सम्झौता अग्नि इन्करपारेटेड लाई रु.२०१००५० पेश्की दिएको छ । बिना सम्झौता र खरिद कानुनले निर्धारण गरेको सीमा र प्रक्रिया बाहिर गई दिइएको पेश्की नियम संगत देखिदैन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३९ **औषधी खरिद -**पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनु पर्दछ । त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद गरी विभिन्न फर्मलाई रु.२८७११८०(गाउँपालिका चालु तथा सशर्त दुवै बाट) भुक्तानी दिएको छ । पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । साथै औषधीको GMP सर्टिफिकेट संलग्न छैन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४० **कर भुक्तानीका लागि अनलाइन सफ्टवेयर -** सार्वजनिक खरिद ऐनको दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था गरेको छ । सार्वजनिक खरिद नियमावलीको नियम ८६(२) बमोजिम बजार अध्ययन, पूर्व खरिद मूल्य, लागत अनुमानका आधारमा दर विश्लेषण गरी दररेट उचित भएको भनि आश्वस्त हुनुपर्ने भनिएको छ । पालिकाले कर भुक्तानीका लागि सफ्टवेयर खरिद गरी सांग्रिला इन्फोटिक्स लाई रु.४९८३३० भुक्तानी गरेकोमा खरिद पूर्व सो कामको ल.ई तथा कार्यक्षेत्रगत शर्त तयार नगरी तीन वटा संग कोटेशन माग गरी खरिद गरेको छ । नियमावली बमोजिम ल.ई तयार नहुँदा भुक्तानी गरिएको रकम उचित भएको भनि आश्वस्त हुन सकिएन । सार्वजनिक स्रोत खर्च गर्दा आवश्यकतामा आधारित भएर गर्नुपर्नेमा खरिद गरिएको सफ्टवेयर उपयोग मा नरहेकोले भुक्तानी गरेको नियम संगत देखिदैन । उपयोगमा रहेको प्रमाण पेश गर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ४,९८,३३० |

४१ **इन्डक्सन चुल्हो -** सार्वजनिक खरिद नियमावलीको नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही तयार गर्नु पर्ने र मालसामानको लागत अनुमान तयार गर्दा लिनुपर्ने आधारहरुको व्यवस्था गरेको छ । पालिकाले १२० थान इन्फ्रारेड इन्डक्सन चुल्हो खरिद गर्दा कानूनी प्रक्रिया र आधार सहितको लागत अनुमान तयारी बेगर तीन वटा आपूर्तिकर्ता संग सिधै कोटेशन माग गरी सबैभन्दा न्युनतम संग खरिद कार्य गरेको देखियो । खरिद गरिएका इन्डक्सन चुल्होको वारेन्टी पिरियड एक वर्ष रहेको र सो अवधी व्यतित हुन लाग्दा समेत सो सामग्री लाभग्राही लाई वितरण गरेको देखिएन । निश्चित आधार सहितको लाभग्राही छनोट र सो बमोजिम वितरण गरिएको प्रमाणहरु पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,९४,६१६ |

४२ **खरिद सामग्रीको उपयोग -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ मा सरकारी खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुनेगरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायको गो भौ बाट ह्युम पाइप खरिद गरेकोमा अधिकांश ह्युम पाइप कार्यालय परिसर मै अलपत्र रहेको देखियो । पालिकाले खरिद गरिएका सामग्री समयमै उपयोग गर्नु पर्छ । खरिद गरिएका ह्युमपाइप वितरण तथा जडान गरी उपयोगमा ल्याएको प्राविधिक पुष्ठ्याई समेतको प्रमाण पेश गर्नुपर्ने रु.

| गो भौ | सामग्री | रकम |
|---|---|---|
| १०५/३-१४ | ह्युम पाइप | ९७५०७७ |
| ६/९-७ | ह्युम पाइप | ९७३५८५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,४८,६६२ |

४३ **इनार निर्माण कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रक्रियामा सबैलाई सहभागी हन समान अवसर प्रदान गर्न बोलपत्र आह्वान गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहायको भौचर बाट पटक पटक गरी विभिन्न खरिद विधि बाट ४२ थान इनार निर्माण गरी रु.८६६१८७१ खर्च गरेको देखियो । यसरी निर्माण गर्दा सम्बन्धित लाभग्राही छनोटको आधार समेत तय नगरिएकोले पहुँच हुनेले हाली मुहाली गर्ने जोखिम देखिन्छ । पालिकाले यस्ता इनार वर्षेनी निर्माण गर्ने गरेकोमा हाल सम्मको अधावधिक अभिलेख लेखा परिक्षण क्रममा माग हुँदा पेश नभएकोले अघिल्ला वर्ष र यस वर्षको निर्माण छुट्टयाउने आधार यकिन गर्न सकिएन । पालिकाले समान प्रकृतिका काम एकै प्याकेजमा बनाई प्रतिस्पर्धा हुने गरी खरिद गर्नुपर्दछ । पालिकाले वर्षेनी निर्माण गरिने इनारको अभिलेख व्यवस्थित र संरक्षण तर्फ ध्यान दिनु पर्दछ । फरक फरक प्याकेज वनाई गरिएको खरिद नियम संगत नदेखिएको रु.

| गो भौ | संख्या | रकम |
|---|---|---|
| १७ | ८ | १४५६८५७ |

| | | |
|---|---|---|
| २४/९-२९ | ५ | ८७०४५६ |
| १००/३-१३ | ४ | ९४६५५३ |
| १०१/३-१३ | ३ | ७१९२३१ |
| १०२/३-१३ | ४ | ९५१५०४ |
| १२२/३-२३ | ५ | १०२८०५७ |
| १३६/३-२४ | १० | २११२९३३ |
| १३८/३-२४ | १ | २८३०७४ |
| १४९/३-२४ | २ | २९३२०६ |
| जम्मा | ४२ | ८६६१८७१ |

| | |
|---|---|
| अनियमित भएको | ८६,६१,८७१ |

४४ **अमिन-** गाउँपालिकाले अमिन निर्गुन कुमार महतोलाई करारमा आवद्ध गरी बर्षभर रु. २३८५३७ भ्रमण खर्च, विभिन्न कार्यक्रमको शोधभर्ना खर्च लेखेको छ । पालिकामा अमिनको दरन्दी रहेको छैन साथै अमिनले बर्षभरी गरेको कामको लेखा जोखा तथा प्रगति विवरण पेश वेगर पालिकाले विभिन्न शिर्षकमा खर्च लखु नियम सम्मत देखिदैन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४५ **पदाधिकारी सेवा सुविधा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्न अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको भनी जाँच गरि खर्च लेख्नुपर्दछ । पदाधिकारी सेवा सुविधा २०७९ जेठ महिनाको पुरै महिनाको तलब यस बर्ष भुक्तानी गरेको छ । २०७९ जेठ १० गते गाउँपालिकाको निर्वाचन पछि चुनिएर आएका नयाँ तथा पुराना पदाधिकारीहरुले पदवहाली गरेको देखिन्छ । पालिकाले पुरै जेठ महिना भरीकै पदाधिकारी सेवा खर्च लेखेकोले १० दिन बढि सेवा सुविधा भुक्तानी बापत पदाधिकारीहरुबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३८,८३७ |

**(विस्तृत विवरण बेरूजु दफा ४५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४६ **कर्मचारी कल्याणकारी कोष -** पालिकाले साबिकका जिल्ला विकास समिति बाट समायोजन भई आएका ३ जना कर्मचारीको पारिश्रमिकको १०% र पालिकाको तर्फ बाट पनि समान १०% रकम कर्मचारी कल्याणकारी कोषमा जम्मा गर्दै आएको छ ।पालिकाले उपलब्ध गराएको विवरणका आधारमा हाल सम्म सो कोषमा १२०४६९५ जम्मा भएको देखिन्छ । पालिकाले सो रकम उपयोग गर्न हालसम्म कुनै कार्यविधि बनाएको देखिएन ।कार्यविधि बनाई मात्र यस्ता कोषका रकम खर्च गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४७ **फिल्ड भत्ता -** नेपाल सरकारबाट २०७६/४/१ देखि लागु हुने गरी संघ, प्रदेश र स्थानिय तहका कर्मचारीहरुको तलब भत्ता सम्बन्धि व्यवस्था गरेको छ । अर्थ मन्त्रालयबाट प्रकाशित तलबमान सम्बन्धि स्थानीय तहमा कार्यरत कर्मचारीलाई महँगी भत्ता बाहेक थप भत्ताको व्यवस्था गरेको पाइएन । पालिकाले स्वास्थ्य तर्फको निम्न कर्मचारीलाई फिल्ड भत्ता बापतको सुविधा भुक्तानी दिएको आधार प्रमाण पेश गरेको छैन । फिल्ड मा खटिएको प्रमाण, प्रमाणित हाजिरी तथा कार्य प्रगति पेश गर्नुपर्ने वा असुल गर्नुपर्ने रु.

| नाम | पद | रकम |
|---|---|---|
| ईश्वर कुमारी कोईरीनी | सि अ न मि | १८००० |
| राम सागर महतो | अ हे व | १५३०० |
| भोगि कुमारी सुस्लिङ | सि अ न मि | १९०५० |
| राकेस कुमार महतो | सि अ हे व | १८००० |
| सबिता कुमारी सिंह | सि अ न मी | १८००० |
| बरुण कुमार यादव | हे अ | १८००० |
| प्रियांका साह | अ न मि | १८००० |
| प्रमोद कुमार शाह | सि अ हे ब | १८००० |
| जम्मा | | १४२३५० |

| प्रमाण पेश नगरेको | १,४२,३५० |
|---|---|

४८ **नर्म्स भन्दा बढी भुक्तानी -** सडक विभागको नर्म्समा फर्म वर्कका लागि पिसिसी फर आरसीसीको दर विश्लेषण मै मेटेरियल र लेबरको ४% थप राखी दर विश्लेशन गर्ने र छुट्टै फर्म वर्क बापत रकम लागतमा समावेश नगर्ने भनिएकोमा पालिकाले संचालन गरेका देहायका योजनामा फर्म वर्कको रकम छुट्टै भुक्तानी भएको र सो रकम ४% ले आउने रकम भन्दा बढी रहेकोले बढी व्ययभार परेको देखिन्छ । पालिकाले नर्म्स बमोजिम ल.ई. तयार गरी अतिरिक्त व्ययभार नियन्त्रण गर्नुपर्दछ । बढी भुक्तानी गरिएका योजनाहरुको उदाहरण :

| **गो भौ** | **योजनाकोनाम** | **आइटम** | **परिमाण** | **हुनुपर्नेदर** | **भएकोदर** | **बढीभुक्तानी** |
|---|---|---|---|---|---|---|
| ७/३-२३ प्रदेश | कटानी वरपीपल चोक देखि बिहि नदि सम्म सडक ढलान उ स | फोर्म वर्क | ९८.२६ | ४०३.३ | ६१०.३४ | २०४३१.७९ |
| ०८/०३/२०२३ | रामबाबु यादव घर देखि पश्चिम जाने बाटो उ स | फोर्म वर्क | १०७.१७ | ४०३.३ | ६१०.३४ | २२१८६.३३ |
| ९३/३-५ | प्रदिप परियारको घर देखि डोम टोल सम्म सडक ढलान उ स | फोर्म वर्क | ७२.७८ | ४०३.३ | ६१०.३४ | १५०६६.९२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०६/३-१४ | कुशवाहा टोलको सडक ढलान उस | फोर्म वर्क | ५६.९ | ४०३.३ | ६१०.३४ | ११७७९.४४ |
| १२९/३-२३ | बिल्टु सदा घर-हेम थापा घर सडक ढलान उस | फोर्म वर्क | ३५.१२ | ४०३.३ | ६१०.३४ | ७२७०.५४ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४९ **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले जनएकता युवा क्लबको ट्रस भवन निर्माण उ.स लाई प्राबिधिक मुल्यांकन बमोजिम रु.४६२२६४ भुक्तानी गर्नुपर्नेमा रु.४७०४५० भुक्तानी गरेकोले बढी रकम रु.८१८४ असुल गर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,१८४ |

५० **फरक रेट प्रयोग -** पालिकाले वडा ४ नाला निर्माणका लागि ल.ई. तयार गर्दा माटो खन्ने कामको लागि म्यानुअल आधारमा दररेट विश्लेषण गरी प्रति घ.मी. रु.६३५ कायम गरी सम्झौता र गो भौ ५८/१-५ बाट भुक्तानी गरेको छ । भुक्तानी साथ संलग्न प्रमाण कागजातको आधारमा सो काम जेसिभी मार्फत गरिएको देखिन्छ । सो काम जेसिभी मार्फत गर्दा प्रति घ.मी. रु.७७.७० दर कायम हुने देखिन्छ । म्यानुअल दर राखी जेसिभी मार्फत काम गराउंदा वास्तविक भन्दा बढी भुक्तानी हुने देखिएकोले सो कामको परिमाण १०६ घ.मी. को फरक दरले बढी भुक्तानी भएको रकम असुल गर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५९,०७४ |

५१ **केदार परियारको घर देखि डोम टोल सम्म सडक ढलान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले केदार परियारको घर देखि डोम टोल सम्म सडक ढलान उ.स.लाई भुक्तानी गर्दा प्राबिधिक मुल्यांकन बमोजिम रु.१४१९०३९ भुक्तानी गर्नुपर्नेमा रु.१४३९०३९ भुक्तानी गरेकोले बढी भुक्तानी रकम रु.२०००० असुल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००० |

५२ **अनुदानको प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ४० मा कुनै संघ संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको हो सो कामको लक्ष्य अनुसार खर्च गरे नगरेको, त्यस्तो रकमको कानुन बमोजिम लेखापरीक्षण भए नभएको यकिन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले देहायको बिधालयलाई अनुदान निकासा गरेकोमा सो बमोजिमको कार्यप्रगति र लेखापरीक्षण प्रतिबेदन पेश नगरेकोले लक्ष्य अनुसार खर्च गरेको भनि यकिन गर्न सकिएन । सम्बन्धित बिधालयलाई निकाशा गरिएको अनुदान रकमको कार्य प्रगति र लेखापरीक्षण प्रतिबेदन पेश गर्नुपर्ने रु.

| गो भौ | संस्था | बापत | रकम |
|---|---|---|---|
| १४/३-२१ संघिय | शिवशक्ति नमूना मा.बि. | भौतिक निर्माण | ५०००००० |
| १५/३-२१ | जनप्रिय मा.बि. भुचक्रपुर | राष्ट्रपति शैक्षिक सुधार | ६५०००० |
| | राष्ट्रिय आ.बि. सीतापुर | राष्ट्रपति शैक्षिक सुधार | ६५०००० |

| | | | |
|---|---|---|---|
| २२ र १२८ | शिवशक्ति मा.बि. | शैक्षिक गुणस्तर सुधार | ३०००००० |
| **जम्मा** | | | ९३००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९३,००,००० |

५३ **सामाजिक सुरक्षा र संरक्षण -** सामाजिक सुरक्षा तर्फ देखिएका व्यहोराहरु निम्न छन्ः

५३.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ । कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले एन.एम.वि बैङ्क बटेश्वर शाखाबाट ५ वटा वडाको सामाजिक सुरक्षा वितरण वापत चौथो किस्ता सम्म जम्मा रु ७५७९८५८९।— निकासा भएको मा सामाजिक सुरक्षा रकम वितरण गरि बाँकी रकम रु ९४१०३।-संघिय संञ्चितकोषमा दाखिला गरेको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५३.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १८ को उपदफा (१) बमोजिम स्थानिय तहले भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै वितरण कार्य समपन्न गरी आर्थिक कारोबार बन्द गर्नु पर्ने व्यवस्था छ । कार्यविधिको दफा १८ को उपदफा (२) अनुसार, उपदफा बमोजिम आर्थिक कारोवार बन्द गरेपछि प्रचलित कानुन बमोजिम निकासा र खर्चको लेखा अद्यावधिक गरी बैंक सँगको हिसाब मिलान गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नु पर्ने व्यवस्था रहेकोमा तोकिएको समय सिमा भित्र हिसाब मिलान तथा रकम फिर्ता गरेको देखिन आएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५३.३ **बढी भुक्तानी -** सामाजिक सुरक्षा भत्ताबापत यस पालिकाबाट ४ वटै त्रैमासिकमा निकासा दिएको रकमको रिभर्स फिड पालिकाबाट पेश भएको लगतकट्टा विवरणलाई आधारमा मानी नमुना छनौट गरि परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीलाई पाउने रकम भन्दा बढी रकम भुक्तानी दिएको देखिन आएकोले पालिकाले पुनः यकिन गरी पाउने आधार प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रु

| नाम | वडा नं | बैक खाता | नागरिकतानं/ जन्मदर्ता नं | रकम | कैफियत |
|---|---|---|---|---|---|
| जानकी देवी | २ | १०२०१६०७०१५०००१८ | १७३०८८२० | ३१९२० | एउटै वैक खाता खोली एकल महिला तर्फको दोहोरो भुक्तानी |

| | | | | | |
|---|---|---|---|---|---|
| जिलेविया देवी | २ | १०२०१६९६५२५०००१६ | १४७८१६८७ | १२००० | एउटै बैक खाता खोली जेष्ठनागरिक तर्फको पहिलो किस्ता सम्म दोहोरो भुक्तानी |
| रितेश महरा | ४ | १०२०१७४८०५२०००१९ | २०७६०८२२०४४३७ | ६३८४ | एउटै बैकखाता बाट दोहोरो दर्ता जनाई वाल पोषण वापतको रकम पुरै भुक्तानी |
| सुकन महतो | ३ | १०२०१७३११४४०००११ | १०२३०६८५ | ४८००० | दोहोरो दर्ता जनाई दुई खाता वाट जेष्ठनागरिक तर्फको चौथो किस्ता सम्म पुरै भुक्तानी |
| सोनिया कुमारी रविदास | ४ | | २०७५०६१५०८६६९ | ६३८४ | वालपोषण तर्फ को एकै परिवारका तिन वालवालिका लाई पुरै भत्ता भुक्तानी |
| सोनाक्षी यादव | ४ | | २०७४१०१५०४१२७ | ३१९६ | वालपोषण तर्फ एकै परिवारका तिन सन्तान लाई दोस्रो किस्ता सम्म भुक्तानी |
| अनुषका साह | २ | | २०७६०६२७०३६५५ | ६३८४ | एकै परिवारका तिन सन्तान लाई पुरै किस्ताको रकम भुक्तानी |
| लगन ठाकुर | ३ | | ९५ | ११३३ | वालपोषण तर्फ दोहोरो दर्ता जनाई पहिलो किस्ताको रकम भुक्तानी |
| अन्सु कुमारी महतो | 3 | | २०७४१२०७०५५७२ | ४७८८ | वालपोषण तर्फ एकै परिवारका तिन जाना लाई तेस्रो किस्ता सम्म को भुक्तानी |
| आशिष कुमार साह | ५ | | २०७४१२२९०२४२५ | ४७८८ | एकै परिवारको तिन सन्तान लाई तेस्रो किस्ता सम्म को भुक्तानी |
| युवराज महतो | ५ | | २०७५०२२३०४२७३ | ५१८० | एकै परिवारको तिन सन्तान लाई चौथो किस्ता सम्म को भुक्तानी |
| लभ कुमार दास | ५ | | २०७४१००४०८२५४ | ३१९२ | एकै परिवारको तिन सन्तान लाईदोस्रो किस्ता सम्म को भुक्तानी |

| | | |
|---|---|---|
| जम्मा | १३३३४९ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३३,३४९ |

५३.४ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को अनुसूची ७ र ८ मा सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्क्रिय (Dormant) खाताको विवरण केन्द्रिय पञ्जिकरण बिभागलाई दिनुपर्ने साथै अनुसूची ८ को बुदाँ नं. १० मा बैंकले निष्क्रिय (Dormant) खाताको विवरण सम्वन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ । बैंकले पालिकाको सामाजिक सुरक्षा वितरण गर्दा Dormant खाताको विवरण पालिकालाई दिएको पाइएन । यसले गर्दा फिर्ता हुनुपर्ने रकम फिर्ता भए नभएको एकिन गर्ने सकिएन । कार्यविधिमा भएको व्यवस्था अनुसार गाउँपालिकाले उक्त बैंकसँग Dormant खाताको विवरण मागि कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५३.५ **अनुगमन तथा निरीक्षण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा गाउँपालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम गाउँपालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने व्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिनु पर्नेमा सो अनुसार प्रतिवेदन दिएको देखिएन ।

**पारदर्शिता-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ.एम लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था छ । यसवर्ष गाउँपालिकाले सो बमोजिम कार्य गरेको देखिएन्।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५४ **शिक्षण सहयोग अनुदान-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० क्रियाकलाप नं. २.७.१३.४० मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान अन्तर्गत कुनै पनि दरवन्दी वा राहत अनुदान नभएका गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि शुन्य दरवन्दी भएका विद्यालय माध्यामिक तह (९-१०) लाई न्युनतम २ र आधारभुत तह नि मा वि तह (६-८) लाई न्युनतम १ शिक्षकको अनुदान निकासा शिक्षक भर्ना भएपछि उपलब्ध गराउने उल्लेख छ । निम्न विद्यालयलाई कक्षा ६ देखि ८ सम्म कार्याक्रम कार्यान्वयन पुस्तिका अनुसार अनुदान वितरण नगरी निर्णयको आधारमा पदपूर्ति रहेको तथा राहत शिक्षक रहेको अवस्थामा समेत विद्यालयलाई शिक्षण अनुदान वितरण गरेको छ । श्रेस्ता साथ शिक्षक छनौट र नियुक्तीको प्रमाण समेत पेश गरेको छैन । कार्यविधि भन्दा बढि संख्यामा निर्णयको आधारमा दिएको अनुदान नियम सम्मत नदेखिएको रु

| विद्यालय | पदपुर्ति अवस्था | अनुदान शिक्षक | कैफियत | तलब बढि |
|---|---|---|---|---|
| श्री जनशक्ति माध्यमिक विद्यालय बट्टेश्वर ३ | ३ जना राहत नि मा वि शिक्षक रहेको(६-८) | १ जना नि मा वि शिक्षक दिएको | अनुदान शिक्षक नपाउने मा ३ महिनाको तलब खर्च लेखेको | ९०६०० |
| देवकी नमुना आ वि | १ जना नि मा वि शिक्षक रहेको(६-८) | १ जना नि मा वि शिक्षक दिएको | अनुदान शिक्षक नपाउनेमा बर्षभर तलब खर्च लेखेको | ३६२४०० |
| जम्मा | | | | ४५३००० |

| अनियमित भएको | ४,५३,००० |
|---|---|

५५ **नतिजामा आधारित अनुदान -** पालिकाले लक्ष्मी मा वि चित्रपुरलाई रु. ५ लाख नतिजामा आधारित अनुदान खर्च लेखेको छ । लेखापरीक्षणको अवधि सम्म उक्त अनुदानको बिल भर्पाई पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५,००,००० |
|---|---|

५६ **परम्परागत शिक्षा निरन्तरता -** परम्परागत विद्यालय संचालन अन्तर्गत धार्मिक विद्यालय मदरसा गुल्सेन तैवालाई बार्षिक रु. २४१००० अनुदान खर्च लेखेकोमा उक्त खर्चको व्यवस्थापन तथा शिक्षक तलब बापत विल भर्पाई पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | २,४१,००० |
|---|---|

५७ **शिक्षण सिकाई सामाग्री -** पालिकाले निम्न विद्यालयहरुलाई बुक कर्नर तथा शिक्षण सिकाई सामाग्री अनुदान बापत दिएको तर लेखापरीक्षण अवधि सम्म सामाग्री खरिद तथा जडान बापतको बिल भर्पाई र कार्यसम्पन्न प्रतिवेदन पेश भएको छैन । बिल बिजक सहित कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| सि नं | विद्यालयको नाम | बालबिकास | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | श्री शिवशक्ति नमुना मा वि वटेश्वर | १३५०० | २८२०० | ७०००० | ८१००० | १९२७०० |
| २ | श्री जनप्रिय मा वि भूचक्रपुर | १५५०० | २४६०० | २२४०० | १८२०० | ८०७०० |
| ३ | श्री लक्ष्मि मा वि | ५५०० | ११९०० | २७२०० | २४८०० | ६८६०० |
| ४ | श्री जनशक्ति मा वि वटेश्वर ३ | ६५०० | १०६५० | १०४०० | ९२०० | ३६७५० |
| ५ | श्री राष्ट्रिय आ विद्यालय सीतापुर | २०००० | २३५५० | २७००० | ० | ७०५५० |
| ६ | श्री जनजाति राष्ट्रिय प्राथमिक विद्यालय वटेश्वर | १६५०० | १९६५० | ० | ० | ३६१५० |
| ७ | श्री बौद्धमन्दिर राष्ट्रिय प्रथमिक विद्यालय | ११००० | १२९०० | ० | ० | २३९०० |
| ८ | श्री देवकी नमुना आ विद्यालय | १३००० | १७२५० | १३६०० | ० | ४३८५० |
| ९ | श्री रा प्राथमिक विद्यालय शान्तिपुर | ११००० | १९९५० | ० | ० | ३०९५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | श्री रा प्राथमिक विद्यालय शान्तिपुर ९ | १६००० | २०७०० | ६८०० | ० | ४३५०० |
| ११ | श्री काली जनज्योति रा आधारभूत वि शान्तिपुर | २६००० | ३०३०० | ९२०० | ० | ६५५०० |
| १२ | श्री रा प्राथमिक विद्यालय रमौलीटोल ३ | १०५०० | ७०५० | ० | ० | १७५५० |
| १३ | श्री राजेश्वर रानी प्राथमिक विद्यालय भू चक्रपुर ९ | ४००० | ४९५० | ० | ० | ८९५० |
| १४ | श्री रा प्रा वि विजयपुर | ४५०० | ५२५० | ० | ० | ९७५० |
| १५ | श्री म म र दे प्राथमिक विद्यालय | ७५०० | ११२५० | ० | ० | १८७५० |
| १६ | श्री वि पी राष्ट्रिय प्राथमिक विद्यालय | ८५०० | ७८०० | ० | ० | १६३०० |
| जम्मा | | १८९५०० | २५५१५० | १८६६०० | १३३२०० | ७६४४५० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,६४,४५० |

५८ **विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान -** विद्यालयहरुलाई निम्न शिर्षकबाट वार्षिक रुपमा पाउने विषयगत अनुदानको भुक्तानी दिएको तर लेखापरीक्षणको क्रममा समेत उक्त खर्चको बिल भर्पाइ र प्रतिवेदन पेश नभएकाले विद्यालयहरुले विलअनुसारको खर्च प्रमाण र प्रतिवेदन पेश गर्नुपर्ने रु.

| सि नं | विद्यालयको नाम | Audit | SIP | Internet | जम्मा |
|---|---|---|---|---|---|
| १ | श्री शिवशक्ति नमुना मा वि वटेश्वर | १५००० | २०००० | ० | ३५००० |
| २ | श्री जनप्रिय मा वि भूचक्रपुर | १५००० | २०००० | ० | ३५००० |
| ३ | श्री लक्ष्मि मा वि | १५००० | २०००० | १२००० | ४७००० |
| ४ | श्री जनशक्ति मा वि वटेश्वर ३ | १५००० | २०००० | १२००० | ४७००० |
| ५ | श्री राष्ट्रिय आ विद्यालय सीतापुर | १०००० | १५००० | १२००० | ३७००० |
| ६ | श्री जनजाति राष्ट्रिय प्राथमिक विद्यालय वटेश्वर | १०००० | १५००० | १२००० | ३७००० |
| ७ | श्री बौद्धमन्दिर राष्ट्रिय प्रथमिक विद्यालय | १०००० | १५००० | १२००० | ३७००० |
| ८ | श्री देवकी नमुना आ विद्यालय | १०००० | १५००० | १२००० | ३७००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | श्री रा प्राथमिक विद्यालय शान्तिपुर | १०००० | १५००० | १२००० | ३७००० |
| १० | श्री रा प्राथमिक विद्यालय शान्तिपुर ९ | १०००० | १५००० | १२००० | ३७००० |
| ११ | श्री काली जनज्योति रा आधारभूत वि शान्तिपुर | १०००० | १५००० | १२००० | ३७००० |
| १२ | श्री रा प्राथमिक विद्यालय रमौलीटोल ३ | १०००० | १५००० | १२००० | ३७००० |
| १३ | श्री राजेश्वर रानी प्राथमिक विद्यालय भू चक्रपुर ९ | १०००० | १५००० | १२००० | ३७००० |
| १४ | श्री रा प्रा वि विजयपुर | १०००० | १५००० | १२००० | ३७००० |
| १५ | श्री म म र दे प्राथमिक विद्यालय | १०००० | १५००० | १२००० | ३७००० |
| १६ | श्री वि पी राष्ट्रिय प्राथमिक विद्यालय | १०००० | १५००० | १२००० | ३७००० |
| जम्मा | | १८०००० | २६०००० | १६८००० | ६०८००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,०८,००० |

५९ **कार्यसम्पादन अनुदान -** निम्न विद्यालयमा शैक्षिक गुणस्तर सुढृढिकरण एवम् कार्य सम्पादनमाआधारित अनुदान निम्न विद्यालयलाई अनुदान खर्च लेखेकोमा लेखापरीक्षण अवधि सम्म कार्यप्रगति तथा विल भर्पाई पेश नभएकोले कार्यसम्पन प्रतिवेदन सहित विल भर्पाई पेश गर्नुपर्ने रु.

| विद्यालय | कार्यक्रम | रकम |
|---|---|---|
| श्री रा प्राथमिक विद्यालय शान्तिपुर | कार्यसम्पादनमा आधारित अनुदान | ५०००० |
| श्री रा आ वि सितापुर | कार्यसम्पादनमा आधारित अनुदान | ५०००० |
| श्री बौद्ध मन्दिर प्राथमिक विद्यालय बटेश्वर | कार्यसम्पादनमा आधारित अनुदान | ५०००० |

| | | |
|---|---|---|
| श्री म म र दे प्राथमिक विद्यालय जनमुक्तिनगर | कार्यसम्पादनमा आधारित अनुदान | ५०००० |
| श्री जनशक्ति मा वि बटेश्वर | विज्ञान प्रयोगशाला अनुदान | ६५०००० |
| श्री जनप्रिय मा वि भूचत्रपुर | सिकाइ सुदृढिकरणका लागि प्रोत्साहन | २००००० |
| जम्मा | | १०५०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,५०,००० |

६० **पाठ्यपुस्तक अनुदान -** कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७९।८० मा निःशुल्क पाठयपुस्तक अनुदान अन्तर्गत ईमिसमा प्रविष्टि तथ्याङ्कलाई यथार्थ तथ्याङ्क सँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी यकीन संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयलाई अनुदान दिने र यसरी अनुदान दिदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने तथा २०७९ बैशाखमा सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठयपुस्तक खरीद र वितरण गरेको विवरणको आधारमा यकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था छ । पालिकाले पहिलो किस्ता र दोस्रो किस्ता दुवै इमिस को आधारमा क्रमस पहिलो किस्ता रु.१७,००,४८१ र दोस्रो किस्ता रु. ९,४२,२३० समेत रु.२६४२७११ निकासा गरेको छ । पालिकाले निकासा अनुसार पुस्तक खरिद र पुस्तक वितरण अनुगमन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६१ **तलब निकासा-** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को मा स्थानिय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त गरी वा अद्यावधिक गरि सोहि अनुसार दरबन्दि, राहत र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुका लागि विद्यालयबाट प्राप्त माग फारम रुजुगरी अनुदान निकासा गर्ने व्यवस्था छ । यस गाँउपालिकाले स्थायी शिक्षकहरुको शिक्षक सरुवा बढुवा, राजिनामा, अवकाश लगायतको एकिकृत विवरण पेश नगरेको तथा विद्यालयको माग फारमलाइ मात्र आधार लिइ विद्यालयलाई रु. ५,५३,४७,३४३ तलब निकासा गरेको पाइयो । लेखापरीक्षण योजना बमोजिम २० प्रतिशत विद्यालयको माग फारम बमोजिमको निकासा भिडान गरिएको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६२ **निकासा भन्दा घटि दिन दिवा खाजा संचालन -** कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७९।८० क्रियाकलाप नं २.७.११.१ बमोजिम बार्षिक रुपमा विद्यालयहरुलाई अधिक्तम १८० दिनको लागि मात्र दिवा खाजा दिन सकिने र सोही अनुसार त्रैमासिक रुपमा दिवा खाजा रकम निकासा गर्ने उल्लेख छ । पालिकाले दिवा खाजा कार्यक्रम श्रावन महिना देखि अषाढ महिना सम्म दुई किस्तामा १६ विद्यालयलाई Head Counting को आधारमा १८० दिनको अनुदान निकासा

गरेको छ । श्रेस्ता परीक्षण गर्दा विद्यालयबाट दिवा खाजा संचालन गर्दा विद्यार्थी उपस्थिति अनुसार प्रमाणित दिवा खाजा संचालन दिन १८० दिन भन्दा कम रहेको पाइयो । औषतमा विद्यार्थी उपस्थितिलाई आधार लिदा निम्न विद्यालयमा १८० दिन भन्दा कम दिवा खाजा दिन संचालन गरेको तर १८० दिनकै Head Counting को आधारमा दिवा खाजा भुक्तानी गरेकोले बढि दिवा खाजा निकासाबापत संघीय संचित कोष फिर्ता गर्नुपर्ने रु.

| सि नं | विद्यालयको नाम | वि सं. (हेड का.) | निकासा दिन | संचालन दिन | बढि दिन | दर | बढि रकम |
|---|---|---|---|---|---|---|---|
| १ | श्री शिवशक्ति नमुना मा वि वटेश्वर | ३४६ | १८० | १७१ | ९ | १५ | ४६७१० |
| २ | श्री जनप्रिय मा वि भूचक्रपुर | २४५ | १८० | १७३ | ७ | १५ | २५७२५ |
| ३ | श्री लक्ष्मि मा वि | १५१ | १८० | १७५ | ५ | १५ | ११३२५ |
| ४ | श्री जनशक्ति मा वि वटेश्वर ३ | १३२ | १८० | १७५ | ५ | १५ | ९९०० |
| ५ | श्री राष्ट्रिय आ विद्यालय सीतापुर | २६१ | १८० | १७२ | ८ | १५ | ३१३२० |
| ६ | श्री जनजाति राष्ट्रिय प्राथमिक विद्यालय वटेश्वर | १६४ | १८० | १७३ | ७ | १५ | १७२२० |
| ७ | श्री बौद्धमन्दिर राष्ट्रिय प्रथमिक विद्यालय | १०८ | १८० | १७५ | ५ | १५ | ८१०० |
| ८ | श्री देवकी नमुना आ विद्यालय | १६७ | १८० | १७४ | ६ | १५ | १५०३० |
| ९ | श्री रा प्राथमिक विद्यालय शान्तिपुर | १५५ | १८० | १७१ | ९ | १५ | २०९२५ |
| १० | श्री रा प्राथमिक विद्यालय शान्तिपुर ९ | १९३ | १८० | १७२ | ८ | १५ | २३१६० |
| ११ | श्री काली जनज्योति रा आधारभूत वि शान्तिपुर | २८८ | १८० | १७० | १० | १५ | ४३२०० |
| १२ | श्री रा प्राथमिक विद्यालय रमौलीटोल ३ | ८६ | १८० | १७५ | ५ | १५ | ६४५० |
| १३ | श्री राजेश्वर रानी प्राथमिक विद्यालय भू चक्रपुर ९ | ६४ | १८० | १७३ | ७ | १५ | ६७२० |
| १४ | श्री रा प्रा वि विजयपुर | ४४ | १८० | १७५ | ५ | १५ | ३३०० |
| १५ | श्री म म र दे प्राथमिक विद्यालय | ८४ | १८० | १७२ | ८ | १५ | १००८० |
| १६ | श्री वि पी राष्ट्रिय प्राथमिक विद्यालय | ६९ | १८० | १७५ | ५ | १५ | ५१७५ |
| जम्मा | | | | | | | २८४३४० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,८४,३४० |

६३ **छात्रावृति-** बर्षभरी पालिकाले १६ विद्यालयलाई कक्षा ८ सम्मका छात्रा र दलित छात्रलाई मासिक ४०० का दरले रु. ७४८४०० छात्रवृत्ति बापत खर्च लेखको छ । लेखापरीक्षण अवधिभर निम्न विद्यालयको छात्रवृत्ति भर्पाई पेश नभएकाले उक्त छात्रवृत्ति भर्पाई पेश हुनुपर्ने रु.

| सि नं | विद्यालयको नाम | छात्रावृति रकम |
|---|---|---|
| १ | श्री शिवशक्ति नमुना मा वि वटेश्वर | १६४४०० |
| २ | श्री जनप्रिय मा वि भूचक्रपुर | ५८४०० |
| ३ | श्री लक्ष्मि मा वि | ५१२०० |
| ४ | श्री जनशक्ति मा वि वटेश्वर ३ | ४४००० |
| ५ | श्री राष्ट्रिय आ विद्यालय सीतापुर | ७१२०० |
| ६ | श्री जनजाति राष्ट्रिय प्राथमिक विद्यालय वटेश्वर | ६५६०० |
| ७ | श्री बौद्धमन्दिर राष्ट्रिय प्रथमिक विद्यालय | १६८०० |
| ८ | श्री देवकी नमुना आ विद्यालय | ३८४०० |
| ९ | श्री रा प्राथमिक विद्यालय शान्तिपुर | ४५६०० |
| १० | श्री रा प्राथमिक विद्यालय शान्तिपुर ९ | ५३२०० |
| ११ | श्री काली जनज्योति रा आधारभूत वि शान्तिपुर | ७०८०० |
| १२ | श्री रा प्राथमिक विद्यालय रमौलीटोल ३ | २४००० |
| १३ | श्री राजेश्वर रानी प्राथमिक विद्यालय भू चक्रपुर ९ | ९६०० |
| १४ | श्री रा प्रा वि विजयपुर | १०४०० |
| १५ | श्री म म र दे प्राथमिक विद्यालय | १३२०० |
| १६ | श्री वि पी राष्ट्रिय प्राथमिक विद्यालय | ११६०० |
| जम्मा | | ७४८४०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७४,८४,००० |

६४ **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाले आदित्य इन्टरनेशनलबाट १७५८९ थान स्यानिटरी प्याड रु. ११९७९०१ (मु अ कर समेत) मा खरिद गरेको छ । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ ।

खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर बीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पूर्कको कर बीजक बेगर आदित्य इन्टरनेशनलबाट १३ प्रतिशत मु.अ.कर रु. १३७८११.६ समेत रु ११९७९०१ स्यानिटरी प्याड खरिद गरेको छ । तसर्थ उक्त आपूर्तकले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको ३० प्रतिशत मू.अ.कर रु. ४१३४३ समाायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४१,३४३ |

६५ **प्रशिक्षण भत्ता-**अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका, २०७७ (आठौं संस्करण) को क्रियाकलाप ७.१.१५ मा तालिम, गोष्ठी , सेमिनार जस्ता कार्यक्रममा गाउँपालिका स्तरमा कक्षा संचालन बापत अधिकृत स्तरमा रु. ७०० का दरले प्रति कक्षा पारिश्रमिक दिने र प्रशिक्षण गर्दा कार्यपत्र पेश गरेमा कार्यपत्र बापत थप १००० दिन सकिने उल्लेख छ । निम्न सशर्त तर्फका कार्यक्रम संचालन गर्दा कार्यक्रम संचालन निर्देशिकाले तोकेको दर भन्दा बढि कक्षा संचालन र कार्यपत्र दर राखी प्रशिक्षक भत्ता लेखेकोले बढि रकम सम्बन्धित प्रशिक्षकबाट असुल गर्नुपर्ने रु.

| कार्यक्रम | प्रशिक्षक | जम्मा शेसन | प्रति शेसन दिएको | पाउने प्रति शेसन | कट्टि पछि बढि रकम |
|---|---|---|---|---|---|
| आँप पकेट सम्बन्धि कृषकलाई तालिम | राजीव कु यादव | १० | २००० | ७०० | ११०५० |
| | सिर्जना लामा | १० | २००० | ७०० | ११०५० |
| सूचना प्रविधि सम्बन्धी क्षमता विकास कार्यक्रम | बज्रभुषण कुश्वाहा | ८ | २१०० | ७०० | ९५२० |
| | विजय कुमार सिंह | ७ | २१०० | ७०० | ८३३० |
| विद्यालय व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम | संतोष कुमार यादव | ३ | २१०० | ७०० | ३५७० |
| | चुडामणी बराल | ३ | २१०० | ७०० | ३५७० |
| इमिश सम्बन्धी कार्यक्रम | सन्तोष कुमार यादव (कार्यपत्र रहेको) | ६ | २१०० | १४०० | ३५७० |
| | छोटी मुखिया (कार्यपत्र रहेको) | ६ | २१०० | १४०० | ३५७० |
| जम्मा | | | | | ५४२३० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५४,२३० |

६६ **गहुँबाली प्रबर्द्धन कार्यक्रम -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा १० लाख सम्मको सामाग्री कोटेशन मागको आधारमा सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सो सीमाभन्दा बढि रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्था संग सोझै खरिद गर्न नसकिने उल्लेख छ । पालिकाले गहुँ खरिद कृषि ट्रेडर्स संग रु. १८६९१२० मा (लागत सहभागितामा)खरिद गरेको छ । ३११८० के.जी. परिमाणको उक्त गहुँ खरिद २ दिनको अवधिमा दुईवटा भौचरबाट एउटै आपूर्तक संग खरिद गरेको देखिन्छ । बर्षभरी एउटै आपुर्तक संग १० लाख माथिको सोझै खरिद गर्न नपाउने तथा १० लाख माथिको खरिद गर्दा सिलबन्दि दरभाउपत्र मार्फत गर्नुपर्नेमा सो नगरी एकै समयमा कोटेशन मागको आधारमा रु.१८६९१२० को गहुँ खरिद गरी खर्च लेखेको नियम सम्मत देखिदैन । अन्य व्यहोराहरु निम्न छन् ।

---

६६.१ पालिकाको तर्फबाट ५० प्रतिशत बापत एकमुष्ट रु. ९३४५६० खर्च लेखेको छ । श्रेस्ता साथ ३ किसिमको गहुँको उमार शक्ति परीक्षणको रिपोर्ट संलग्न नरहेको, गहुँ पालिकामा आपुर्ति गरिसकेपछी कृषि शाखाबाट तोकिएको गुणस्तर अनुसार रहे नरहेको भनि मुचुल्का तथा सिफारिस पेश छैन । साथै वितरण गरिएको अनुदानमा लाभग्राही छनौटको आधार नखुलेको, वितरणको भर्पाईमा लाभग्राहीको परिचय खुल्ने प्रमाण तथा फोन नम्बर संलग्न रहेको छैन । अनुदानको सहि सदुपयोग भए नभएको भनि पालिकाले अनुगमन गरी सदुपयोगको यकिन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६६.२ **कोष फिर्ता -** लाभग्राहीबाट प्राप्त ५० प्रतिशत बापतको लागत सहभागिता रकम गाउँपालिकाले आन्तरिक राजस्व खातामा रु. ९३४५६० दाखिला गरेको देखिन्छ । संघिय सशर्तको रकम संघिय संचित कोष दाखिला गरी फिर्ता गर्नुपर्नेमा सो नगरी सोझै आन्तरिक राजस्व खातामा राजस्व आम्दानि बाधेकोले उक्त रकम संघिय संचित कोषमा शोधभर्ना गरी फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,३४,५६० |

६६.३ आयकर ऐन, २०५८ को दफा ८८ मा मेशिन भाडा कर बापत १० प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गहुँ ढुवानी गरेको भनि मिश्री यादवलाई रु. ८०००० ढुवानी खर्च लखेकोमा ढुवानी भाडा बापत १० प्रतिशत हुने आउने वहाल कर रु. ८००० कट्टि नगरेकोले उक्त रकम असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,००० |

६७ **नयाँ आप पकेट-** प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना कार्यान्वयन म्यानुअल अनुसार तोकिए बमोजिम पकेट कार्यक्रम सञ्चालन गर्नुपर्ने तथा म्यानुअलको ७.१ अनुसार कृषि उत्पादन सामाग्रीहरु (विउ, बेर्ना, बिरुवा, माछा भुरा, पशु नश्ल), कृषि औजार तथा उपकरण मा बढीमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिने उल्लेख छ । नयाँ आप पकेट निर्माण अन्तर्गत ५० प्रतिशत अनुदान लागत सहभागितामा हरियाली आँप पकेट समितीलाई रु. १२००००० खर्च लेखेको छ । कुल २४ लाख लागत भएको उक्त आप पकेटको लाभग्राही परिवार २८३ परिवार भनि उल्लेख गरेको, कृषक समूह पान मा दर्ता हुनुपर्नेमा सो नरहेको, संयुक्त खाता खोली खाता संचालन गर्नुपर्नेमा सो समेत नरहेको

भनि सोधपुछको क्रममा जानकारी प्राप्त भएको देखिन्छ । पालिकाबाट अनुदान रकम खर्च लेखेबापत सो अनुदानको सहि सदुपयोग भइरहेको छ छैन भनि पालिकाबाट निरन्तर अनुगमन गर्नुपर्ने र अनुदानको सहि सदुपयोगको यकिन पालिकाबाट गरिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६८ **रितपूर्बकको कर बिजक -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायिबाट १३ प्रतिशत मु.अ.कर रु ३८०७९५ समेत रु ३३०९९९५ सामाग्री तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समाायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| गो भौ नं. | आपूर्तक | व्यहोरा | बिल रकम | ३० प्रतिशत मू अ कर |
|---|---|---|---|---|
| ६५-७/४ | एन वि ग्रप (१२०८१८७५६) | इन्भटर खरिद | ३५३४९९ | १२२०० |
| ११०-८/६ | दिपेश जे स (३०४९६८१६१) | मसलन्द सामाग्री | ९९९१०० | ३४४८२ |
| १७१-९/१९ | कम्प्युटर गेलरी | डेस्कटप, कम्प्युटर | ९८७०५५ | ३४०६६ |
| २७७-१२/१७ | दिपेश जेनेरल सप्लायर्स (३०४९६८१६१) | मसलन्द सामाग्री | ९७०३४१ | ३३४८९ |
| जम्मा | | | | ११४२३७ |

| प्रमाण पेश नगरेको | १,१४,२३७ |
|---|---|

६९ **विविध खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्चको विल भरपाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । साथै नियमावलीको नियम ३९(१०) मा जिम्मेवारी व्यक्तीले सरकारी रकमको खर्च लेख्न अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको भनी जाँच गरि खर्च लेख्नुपर्दछ। पालिकाबाट विभिन्न समयमा विभिन्न होटलको बिल पेश गरी खाजा र खाना भनि होटलको नाममा रु ५३८९४० बराबरको खर्च लेखेको छ । श्रेस्ता साथ पेश बिल भर्पाइमा कुन कार्यक्रम बापत हो भनि विवरण नखुलेको, कसले खर्च गरी बिल पेश गरेको हो भनि नामनामेसी नखुलेको, होटलले भुक्तानी माग पत्र मा विभिन्न समयमा विभिन्न पाहुना, जनप्रतिनिधि तथा कर्मचारीले खाएको भनि उल्लेख गरी भुक्तानी माग गरेको देखिन्छ । यसरी विवरण नखुलाई बिल पेशको आधारमा भुक्तानी लेखेको खर्च नियन्त्रण गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७० **मर्मत आदेश-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम सरकारी जिन्सी मालसामन हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्बन्धीत कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही बमोजिम कार्यालयमा चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश गराई, मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा PAMS लागु भइसकेको अवस्थामा समेत सामाग्री खरिद तथा मर्मत गरी अभिलेख राखेको छैन । नियमानुसार मर्मत अभिलेख खातामा दाखिला गरी प्रमाण पेश गर्ने रु

| गो भौ नं. मिति | आपूर्तक | विवरण | कैफियत | रकम |
|---|---|---|---|---|
| १३०-३/५ | श्री राम जानकी इलेक्ट्रोनिकल एण्ड इलेक्ट्रोनिक्स | प्रिन्टर सर्भस, डेस्कटप सर्भिस, पावर सप्लाई मर्मत तथा खरदि | मर्मत आदेश, दाखिला, माग फारम कुनै विवरण पेश वेगर खरिद | ७९२०० |
| १७१-३/२४ | ट्रेड लिङ्क प्रा लि | कार्टेज रिफिल, प्रिन्टर मर्मत , मेमोरी र पेनड्राइभ खरिद | माग फारम, मर्मत आदेश, खरिद आदेश, दाखिला पेश वेगर खरिद | ९०९०८ |
| जम्मा | | | | १७०१०८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७०,१०८ |

७१ **अन्य निकायलाई सहयोग -** पालिकाले आफ्नो कार्यक्षेत्रभित्र मात्र खर्च लेख्नुपर्ने मा नियमित रुपमा नेपाल सरकारबाट कार्यसंचालन तथा व्यवस्थापनको लागि बजेट प्राप्त निकायलाई थप सहयोग भनि विभिन्न सामाग्री खरिदको बिल पेश बापत पालिकाले खर्च व्यहोरिदिएको देखिन्छ । पालिकाले अन्य निकायको खर्च व्यहोर्ने परिपाटीको नियन्त्रण गरी आफ्नो कार्य क्षेत्रमा मात्र खर्च लेख्नुपर्दछ । यसका केहि उदाहरणहरु निम्न छन् ।

| गो भौ नं. | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ३२-६/१४ | प्रहरी चौकी बटेश्वरको भवन उदघाटन को लागि सामग्री खरिद | महेन्द्र महतो | ४०००० |
| १७०-९/१४ | प्रहरी चौकी वडा नं. ४ मा इन्टरनेट जडान | सुविसु केवल नेट | ११००० |
| १७६-१२/१७ | सशस्त्र प्रहरी बल, गाडी टायर र व्याट्री खरिद | नमस्ते जनकपुर इनकरपोरेशन | ३६००० |
| ३२८-१/१७ | इलाका प्रहरी कार्यालय महेन्द्रनगरलाई UPS र प्रिन्टर वितरण | न्यु सफल इन्टरप्राइजेज | ९९१०१ |
| जम्मा | | | १८६१०१ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७२ **सीमा भन्दा बढिको खरिद -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा १० लाख सम्मको सामाग्री कोटेशन मागको आधारमा सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सो

सीमाभन्दा बढि रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्था संग सोझै खरिद गर्न नसकिने उल्लेख छ । गाउँपालिकाले निम्न आपूर्तक संग यस आर्थिक वर्षमा पटक पटक कोटेशन मागको आधारमा रु. २४६५२७९ बराबरको खरिद गरेको छ । नियामावली अनुसार तोकिएको सीमाभन्दा बढि रकमको सोझै खरिद गरेको खरिद नियम सम्मत नदेखिएको रु.

| गो भौ नं. | आपूर्तक | सामाग्री | खरिद विधि | रकम |
|---|---|---|---|---|
| ११०-८/६ | दिपेश जेनेरल सप्लायर्स | कार्यालय मसलन्द सामाग्री | कोटेशन माग | ९९९१०० |
| २७७-१२/१७ | दिपेश जेनेरल सप्लायर्स | कार्यालय मसलन्द सामाग्री | कोटेशन माग | ९७०३४१ |
| १७३-३/२४ | दिपेश जेनेरल सप्लायर्स | सामग्री खरिद | कोटेशन माग | ४९५८३८ |
| जम्मा | | | | २४६५२७९ |

| अनियमित भएको | २४,६५,२७९ |
|---|---|

७३ **बिल भर्पाइ पेश -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्न अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको भनी जाँच गरि खर्च लेख्नुपर्दछ । लेखापरीक्षणको क्रममा भौचर पेश भएको तर भौचर साथ श्रेस्ता र बिल बिजक पेश भएको छैन । बिल भर्पाई पेश गर्नुपर्ने वा असुल गर्नुपर्ने रु.

| गो भौ नं. | भुक्तानी पाउने | व्यहोरा | रकम |
|---|---|---|---|
| ३७-६/१४ | नेपाल विधुत प्राधिकरण | मिटर जडानको धरौटी र मिटर शुल्क | २०००० |
| ३८-६/१४ | नेपाल विधुत प्राधिकरण | मिटर जडानको धरौटी र मिटर शुल्क | ३८७४३ |
| जम्मा | | | ५८७४३ |

| प्रमाण पेश नगरेको | ५८,७४३ |
|---|---|

७४ **शिर्षक फरक पारी खर्च-** एकीकृत आर्थिक संकेत र व्याख्या, २०७४ मा तोकिएको शिर्षकबाट खर्च बजेट लेख्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र नियमावली २०७७ अनुसार बजेट खर्च गर्दा स्वीकृत शिर्षकको अधिनमा रहि खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले सशर्त चालु तर्फबाट निम्न शिर्षकमा खर्च लेख्दा शिर्षक फरक पारी खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| गो भौ नं. | लेखेको खर्च शिर्षक | हुनुपर्ने खर्च शिर्षक | व्यहोरा | रकम |
|---|---|---|---|---|
| १४०-९/३ | विविध खर्च | मर्मत सम्भर | Jcb मर्मत | १३८९२२ |
| १२६-८/१६ | विविध खर्च | मतदाता शिक्षा संचालन कार्यक्रम | मतदाता शिक्षा सम्बन्धी कार्यक्रम | १७५००० |
| २०१-१०/१ | कार्यालय संचालन खर्च | इलेक्ट्रोनिक सामाग्री खरिद | मोटर तथा जग खरिद | ९९२४७ |
| २८०-१२/१७ | विविध खर्च | इलेक्ट्रोनिक सामग्री खरिद | प्रिन्टर तथा अन्य इलेक्ट्रोनिक सामाग्री खरिद | १८९६१४ |
| २८१-१२/१७ | विविध खर्च | इलेक्ट्रोनिक सामग्री खरिद | स्क्यानर, व्याट्री तथा ल्यापटप खरिद | ९८४५२ |
| १७३-३/२४ | स्वास्थ्य/आयुर्वेद शाखाको कर्मचारीको थप तलब | मसल्द तथा कार्यालय सामाग्री | इन्डेक्स फाइल, रजिष्टर तथा मसलन्द सामाग्री | ४९८८३८ |
| जम्मा | | | | १२०००७३ |

| | |
|---|---|
| अनियमित भएको | १२,००,०७३ |

७५ **श्रेस्ता पेश नभएको-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३५ (१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तिय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । स्थलगत लेखापरीक्षणका क्रममा पटक पटक माग गर्दा समेत निम्न बमोजिमको खर्चका श्रेस्ता एवं गोश्वारा भौचर पेश नभएकोले पेश गर्नुपर्ने रु.

| गो भौ नं. | व्यहोरा | भुक्तानी पाउन | रकम |
|---|---|---|---|
| १०७-१/१३(सशर्त चालु) | संलग्न कागजात तथा निबेदन बमोजिम रकम भुक्तानी । | सिद्धार्थ जेनरल अर्डर सप्लायर्स | १२२६८८ |
| १५४-३/२१(सशर्त चालु) | सिकाई सामाग्री व्यवस्थापन | श्री शिवशक्ती नमुना मा वि बट्टेश्वर | १५७५००० |
| विविध | गाउसभा संचालन पेश्की | निर्गुण महतो | १०००००० |
| जम्मा | | | २६९७६८८ |

**.......... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा* मिति २०८१-१-२३ मा सिद्धार्थ जेनरल अर्डर सप्लायर्स को २४०,१५८ सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको*)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,९७,६८८ |

७६ **मर्मत आदेश-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम सरकारी जिन्सी मालसामन हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्बन्धीत कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही बमोजिम कार्यालयमा चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश गराई, मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा PAMS लागु भइसकेको अवस्थामा समेत सामाग्री खरिद तथा मर्मत गरी अभिलेख राखेको छैन । पालिकामा खरिद भएका सामाग्री सबै भण्डार प्रमुखले दाखिला तथा मर्मत सम्भार फारम भरी राख्ने गरेको भनि जानकारी दिएको र स्टोरमा पेश नभई आफुखुशी खरिद गर्ने र खर्च लेख्ने प्रवृति रहेको भनि जानकारी प्राप्त भयो । यसरी कार्यालय प्रमुख तथा फाँट प्रमुखको प्रमाणित आदेश वेगर आफूखुसी सामाग्री खरिद गरी खर्च लेखेको नियम सम्मत नदखिएकोले सेवा खरिद गरी लेखेको खर्च नियमसम्मत नदेखिकएको रु.

| गो भौ नं. | आपूर्तक | व्यहोरा | कैफियत | रकम |
|---|---|---|---|---|
| २७४-१२/१७ | मोनार्क स्पेयर्स | ५ वटा विलबाट कार्टेज रिफिल, प्रिन्टर सर्भिस, ल्यावटप व्याट्री चेन्ज | दाखिला, खरिद आदेश, मर्मत आदेश, मर्मत संरक्षण फारम नरहेको | ९६५०० |
| २७८-१२/१७ | इन्फोटेक टूल्ज प्रा लि | कार्टेज रिफिल, ल्यापटप मर्मत, कम्प्युटर मर्मत | मर्मत आदेश, माग फारम, मर्मत संरक्षण फारम पेश नभएको | ७६८४० |
| २८४-१२/३० | जय मा दुर्गा इन्टरप्राइजेज | ल्यापटप, प्रिन्टर, कम्प्युटर मर्मत | माग, खरिद आदेश, दाखिला पेश नभएको | ७३९०० |
| जम्मा | | | | २४७२४० |

| अनियमित भएको | २,४७,२४० |
|---|---|

७७ **ईन्धन खर्च-** महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म ले प फारम नम्बर ९०५ मा इन्धन खपतको लगबुक राख्नुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष इन्धन शिर्षकमा रु. ५०,१८,६८९ खर्च गरेको छ । सवारी लगबुकको प्रयोगले सवारी प्रयोग कर्ताको गन्तब्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामानजस्यता एवम् मितव्ययीता कायम हुन्छ।गाउँपालिकाले इन्धन भुक्तानी गर्दा विवरण खुल्ने गरी लगबुक राख्नुपर्नेमा सो नराखेकोले कसलाई के प्रयोजनमा इन्धन दिएको हो खुल्न सकेन।सवारी लगबुक सहित इन्धन खर्चको प्रमाण पेश हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७८ **वडा संचालन खर्च-** सार्वजनिक निकायले आवश्यकतामा आधारित खर्च गर्नुपर्नेमा पालिकाले प्रति वडा रु.५ लाख का दरले हरेक वडालाई बील पेश गरेको आधारमा निकाशा गरेको देखिन्छ । शोधभर्नाका लागि पेश गरिएका बील साथ खर्च पुष्ट्याई गर्ने पर्याप्त कागजात संलग्न देखिदैन । खर्च आवस्यकतामा आधारित भन्दा पनि बजेटको आधारमा गरिने प्रवृति नियन्त्रण हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७९ **महिला सशक्तिकरण कार्यक्रम-** महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले "सपोर्ट नेपाल" नामक संस्था छनोट गरी महिला सशक्तिकरण कार्यक्रम संचालन गर्न रु.२४००००० पठाएकोमा पालिकाले सो संस्था संग "महिला लक्षित कोभीड १९ बाट पुनरुत्थान र जीविकोपार्जन अभियान" कार्यक्रम २०७९ भाद्र १६ देखि फाल्गुन १६ सम्म सम्पन्न हुने गरी सम्झौता गरेको छ । जसका लागि कुल कार्यक्रम खर्च रु.२८१५००० रहेकोमा नेपाल सरकारले २४ लाख र बाँकी सम्बन्धित संस्थाले व्यहोर्ने उल्लेख छ । सम्झौता पत्रमा कार्यक्रम सम्पन्न भएको एक वर्ष सम्म सो योजनाको जिम्मा सम्बन्धित संस्था "सपोर्ट नेपाल"को रहने र पालिकाबाट सो को नियमित अनुगमन गर्ने तथा सम्झौता बमोजिम नभए सम्बन्धित संस्थालाई कारवाही गर्ने भनिएकोमा पालिकाबाट अनुगमन भएको प्रमाण पेश हुन आएन । पालिकाले सो कार्यको सम्झौता बमोजिम भए नभएको नियमित अनुगमन गर्नुपर्दछ । सो कार्यक्रम सम्बन्धमा देखिएका अन्य व्यहोराः

७९.१ **नियम बाहिरको खर्च-** कार्य संचालन निर्देशिका २०७७ मा कुनै पनि तालिम गर्दा सम्बन्धित संस्थाको प्रशासनिक खर्च व्यहोर्ने व्यवस्था छैन । पालिका र सम्बन्धित संस्था बीचको सम्झौतामा सम्बन्धित संस्थाको लेखापरीक्षण बापत रु.६५०००, परियोजना सल्लाहकार रु.३०००००, प्रशासनिक खर्च रु.२१०००० जस्ता कार्यक्रम संग प्रत्यक्ष सम्बन्धित नरहेको खर्च भुक्तानी गरेको देखिन्छ । परियोजना संग सम्बन्धित नरहेको रकम नियम संगत मान्न सकिदैन रु.

| | |
|---|---|
| अनियमित भएको | ५,७५,००० |

७९.२ **प्रमाण पेश गर्ने-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा भुक्तानी गर्दा प्रमाण कागजात तथा विल भरपाई लगायतका खर्च पुष्टयाई गर्ने प्रमाण राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको खर्च लेख्दा आवश्यक प्रमाण संलग्न राखेको नदेखिएकोले सो प्रमाण पेश गर्ने रु.

| आइटम | रकम | प्रमाण |
|---|---|---|
| आधारभूत सर्वेक्षण | ४५०००० | प्राथमिक सर्वेक्षणको प्रमाण कागजात पेश गर्ने |
| घरधुरी पहिचान | ३५००० | पहिचानका आधारहरु पेश गर्ने |
| व्यवसायिक योजना ५०*४५०० | २२५००० | व्यवसायिक योजना पेश गर्ने |
| रु.१००००/लाभग्राही बिउ पुंजी ५० जना | ५००००० | व्यक्ति छनोट को आधार नरहेको,<br>वितरणमा पालिका प्रतिनिधि उपस्थिति नरहेको, मोबाइल न.,<br>नागरिकता प्रतिलिपि समेत उल्लेख नरहेकोले सम्बन्धितले रकम<br>पाएको यकिन गर्न सकिएन |
| भिडियो छायांकन र उत्पादन | ३३५००० | जिन्सी दाखिला , प्रसारण प्रमाण , बीजक पेश गर्ने |
| जम्मा | १५४५००० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,४५,००० |

७९.३ **बढी दरले भुक्तानी -** बजेट खर्चको मार्गदर्शनमा नेपाल सरकार अर्थ मन्त्रालयले तोकेको खर्च नर्म्स पालना गर्नुपर्ने उल्लेख रहेकोमा संलग्न बील भर्पाईमा सो भन्दा बढी दरले भुक्तानी भएको देखिएकोले बढी रकम असुल गर्ने रु.

| आइटम | भुक्तानी | हुनुपर्ने (अर्थ नर्म्स) | बढी भुक्तानी कर वाहेक |
|---|---|---|---|
| गाडी भाडा ४ दिनको | (६०००*४) २४००० | (३२७६*४) १३१०४ | ९२६२ |
| सहजीकरण २ दिनको (रोशन खड्का) | ५५००० | ६०० | ४६२४० |
| सहजीकरण २ दिनको (प्रकाश ठाकुर) | २०००० | ६०० | १६४९० |
| बैठक भत्ता १ दिनको रोशना खड्का | १०००० | १५०० | ७२२५ |
| खाजा खर्च | १३६४०० | १२००० | १२४४०० |
| जम्मा | | | २०३६१७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०३,६१७ |

८० **परामर्श सेवा खरिद-** सार्वजनिक खरिद ऐन २०६३ को दफा २९मा सार्वजनिक निकायले सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था गरेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२मा परामर्श सेवाको लागत अनुमानसम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स, तथा सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त समेतको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था गरेको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ । पालिकाले खरिद गरेका परामर्श सम्बन्धी अन्य व्यहोराः

८०.१ **स्यालो ट्युबवेल निर्माणको DPR-** पालिकाले टिप्पणी मार्फत लागत रु.८४७२५० कायम गरेकोमा teletronic innovation pvt ltd को आर्थिक प्रस्ताव रु.९२४२३१ स्वीकृत गरी भुक्तानी गरेको छ । Quality cost base बाट खरिद गर्दा लागत अनुमान भित्रै रहेर गर्नुपर्नेमा पालिकाले स्वीकृत ल.ई. भन्दा बढी आर्थिक प्रस्तावलाई स्वीकृत गरेको देखियो । स्वीकृत लागत भन्दा बढीको सम्झौता नियम संगत मान्न सकिदैन ।

| | |
|---|---|
| अनियमित भएको | ९,२४,२३१ |

८०. **ओभरहेड ट्यांक निर्माणको परामर्श -** गो भौ ६०/१-७ बाट रु.४७२३४० भुक्तानी गरेकोमा जिन्सी दाखिला पेश
२ गरेको छैन । जिन्सी दाखिला पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,७२,३४० |

८०. **हनुमान मन्दिर र कबिर मन्दिरको DPR-** ल.ई तयार गर्दा ३० दिन लाग्ने गरी तयार गरिएकोमा २४ दिनमै प्रतिवेदन
३ पेश भएको देखिएकोले ल.ई. वास्तविक रहेको सुनिश्चित हुन सकिएन । साथै सो प्रतिवेदनको जिन्सी दाखिला समेत संलग्न नदेखिएकोले दाखिला पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,६८,९५० |

८०. **खर्चको उपयोगीता-** पालिकाले तयार गर्न लगाएको DPR अनुसार मु.अ.कर बाहेक रु.१९००८६२ लागत रहेको
४ हनुमान र कबिर मन्दिर निर्माण का लागि DPR मा रु.४६८९५० खर्च गरिनु उपयुक्त देखिदैन । सार्वजनिक निकायले DPR तयार गरी स्वीकृत गरेपछि सोहि बमोजिम ठेक्का व्यवस्थापन गर्नुपर्दछ । DPR बाट तयार भएको लागत भन्दा फरक ल.ई रु.१६८३८७ को तयार गरी सो कार्यको ठेक्का प्रक्रिया गरेकोमा रु.१२५९७४० मा कार्य सम्पन्न गरिएको छ । सरकारी स्रोत प्रयोग गरी DPR तयार गर्ने तर सो को उपयोग नगरिदा DPR मा गरिएको खर्चको औचित्य पुष्टी भएको देखिएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८०. **अन्य परामर्श सेवा खरिद-**पालिकाले माथि उल्लेखित बाहेक देहायको परामर्शसेवा खरिद गरेको देखियो ।
५

| गो भौ | काम | परामर्श दाता | रकम | कैफियत |
|---|---|---|---|---|
| ५४७/३-२३ | जग्गा वर्गीकरण | एरिकम विल्डर्स | रु.६९१५६० | ल.ई आधार नरहेको |
| ५१०/३-२३ | MTEF | आभास एग्रो कन्सल्टेन्सी प्रा.लि. | रु.९५०८९५ | ल.ई आधार नरहेको, |
| ५०९/३-२३ | आवधिक योजना | | रु.९८७७३३ | ल.ई आधार नरहेको, |
| ५०६/३-२३ | दिगो विकास स्थानीयकरण | बंगला इन्जिनियरिंग एण्ड डेभलपर प्रा.लि. | रु.४९०५३३ | ल.ई आधार नरहेको, |
| १५।९-२९ | सडक गुरुयोजना | भेक्टर ईन्जिनियरिङ | रु९९७९१५ | ल.ई आधार नरहेको, |
| ६६।१-२४ | काली जनज्योति रा.आ वि DPR | किरु ईन्जिनियरिङ | रु४७३४७० | ल.ई आधार नरहेको, |
| १२।९-२१ | स्यालो ट्युबवेेल DPR | टेलिट्रोनिक इनोभेसन | रु९२४२३१ | ल.ई आधार नरहेको, |

| सैद्धान्तिक बेरुजु |
|---|

८१ **प्रशासकीय भवनमा नेटवर्किंग -** सार्वजनिक खरिद ऐनको दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था गरेको छ । सार्वजनिक खरिद नियमावलीको नियम ८६(२) बमोजिम बजार अध्ययन, पूर्व खरिद मूल्य, लागत अनुमानका आधारमा दर विश्लेषण गरी दररेट उचित भएको भनि आश्वस्त हुनुपर्ने भनिएको छ । पालिकाले प्रशासकीय भवनको माथिल्लो तलामा नेटवर्किंग गरेको भनि आसु ट्रेड लिंक प्रा.लि. लाई रु.४९०८७२ भुक्तानी गरेकोमा खरिद पूर्व ल.ई. स्पेशिफिकेशन समेत तयार नगरी कोटेशनको आधारमा सोझै खरिद गरेकोले सो रकम उचित भएको भनि आश्वस्त हुन सकिएन । साथै भुक्तानी गरिएको बीलमा संलग्न सामानको जिन्सी दाखिला भएको छैन भने जडान बापत रु.८४००० र नेटवर्क म्यानेजमेन्ट चार्ज भनि थप रु.२०००० भुक्तानीको औचित्य पुष्टि हुने प्रमाण संलग्न देखिएन । भुक्तानी गरिएको रकम उचित रहेको आधार सहित सो कार्यको जिन्सी दाखिला पेश गर्ने रु.

| प्रमाण पेश नगरेको | ४,९०,८७२ |
|---|---|

८२ **अग्रिम कर-** आयकर ऐन,२०५८ को दफा ८९ मा भुक्तानी गर्दा स्रोतमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । आयुर्वेद औषधी खरिद बापत बसन्त आयुर्वेद फर्मा लाई रु. ३००००० खर्च लेख्दा अग्रमि कर कट्टि बापत १.५ प्रतिशत कर कट्टि नगरी भुक्तानी गरेकोले उक्त कर रकम बापत हुन आउने रकम रु. ४५०० असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ४,५०० |
|---|---|

८३ **अध्यक्ष गोल्डकप -** वनदेवीमाई अध्यक्ष गोल्डकप फुटबल टुर्नामेन्ट कार्यक्रम ११ दिन संचालन गरी वडा सचिव जनकलाल महतोलाई रु. ९८८००० खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

८३.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३९(१०) मा जिम्मेवारी व्यक्तीले सरकारी रकमको खर्च लेख्न अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको भनी जाँच गरि खर्च लेख्नुपर्दछ । श्रेस्ता साथ खेलकुद संचालनको दैनिक विवरण तथा माइन्युट , खेलको Tie sheet, कार्यक्रमको कुनै माइन्युट पेश गरेको छैन । खेलकुद कार्यक्रममा कति समूह तथा बाहिरी सदस्य सहभागी थिए भनि कुनै विवरण पेश नगरी सोझै बिल पेशको आधारमा लेखेको खर्च नियम सम्मत मान्न सकिदैन । खर्चको पुष्टयाई हुने कागजात संलग्न गरी मात्र खर्च गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८३.२ पालिकाले खेलकुद मञ्च निर्माणका लागि पाइप, सिमेन्ट, जस्ता पाता खरिद गरी रु. ३,१५,७८० को बिल संलग्न राखी खर्च लेखेको छ । श्रेस्ता साथ उक्त आसन निर्माणको लागत अनुमान, नापी किताब, कार्यसम्पन्न प्रतिवेदन पेश छैन । मञ्च निर्माणमा खरिद गरिएको सामाग्रीको बिल हेर्दा मञ्च स्थायी किसिमको निर्माण गरिएको देखिन्छ तर कुनै मञ्च बनेको फोटो प्रमाण संलग्न छैन । श्रेस्ता साथ पेश सबै बिल रकममा प्राविधिक र कार्यालय प्रमुखले प्रमाणित गर्नुपर्नेमा वडा अध्यक्ष को प्रमाणीकरण रहेको छ । यसरी लागत अनुमान नबनाई मञ्च निर्माणको लागि पेश बिल

को आधारमा लेखेको खर्च नियम सम्मत मान्न सकिदैन । पालिकाले यस्ता प्रकृतिको खर्च लेख्दा ल इ तयार गरी प्राविधिक मूल्याङ्कन का आधारमा गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८३.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३९(१०) मा जिम्मेवारी व्यक्तीले सरकारी रकमको खर्च लेख्न अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको भनी जाँच गरि खर्च लेख्नुपर्दछ । खेलकुद कार्यक्रममा ८०० कार्टुन पानी प्रयोग भएको भनि राम सिकिल इण्ड्रष्ट्रिज एण्ड धिरज किराना पसलको रु. १००००० को बिल पेश गरी खर्च लेखेको छ । फूटबल प्रतियोगितमा रु. १ लाखको खानेपानी खपत भएको भनि बिल पेश गरेको विश्वसनिय देखिदैन । खेलकुदमा सहभागीको संख्या नुखलेको, सोधपुछ गर्दा २/३ सयको उपस्थिति भएको भनि जानकारी आएकोले अत्याधिका बढि बिल पेश गरी लेखेको खर्च नियमसंगत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

८३.४ खेलकुदमा सहभागीको लागि यातायात सेवाको व्यवस्था भनि विभिन्न टिकट काउण्टरको बिल पेश गरी खर्च लखेको छ । धरान सिटी युवा क्लबलाई यातायात भनि रु. ४०००० खर्च लेखेको छ । ११ जना खेलाडी र थप ७ जना अन्य खेलाडी र पदाधिकारी थप गर्दा जम्मा १८ जनाको १००० को दरले रु. १८००० ले पुग्ने स्थानमा ४०००० खर्च लेखेको नियम सम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ४०,००० |

८३.५ हेटौडा युवा क्लबलाई यातायात खर्च रु. २५००० लेखेको साथै अन्य ३ वटा बिल बाट अमित सिंह(जाने स्थान नखुलेको), सरोज राणा(सहलेश युवा क्लब, सिरहा) र रुपक फुयाल(गाइघाट) लाई क्रमश ३४०००, २५००० र २३००० समेत जम्मा १०७००० को यातायातको बिल पेश गरी खर्च लेखेको छ । नियमित गाडी आउजाउ गर्ने स्थानमा समेत अत्याधिक बढि यातायात खर्च भनि बिल पेश गरी खर्च लेखेको नियम सम्मत देखिदैन । सजिलै सार्वजनिक सवारी साधानको पहुँच भएको स्थानमा समेत अत्याधिक भाडा रााखी गरिएको खर्च नियम सम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,०७,००० |

८४ **बढी दर भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(७) मा कुनै तालिम सेमिनार गोष्ठी को लागत अनुमान अधिकार प्राप्त अधिकारी बाट स्वीकृत भएको हुनुपर्ने र उपनियम ८ मा तेस्तो कार्यक्रम सम्पन्न भैसकेपछि भएको खर्च बील भरपाई उपस्थिति लाभान्वित संख्या समावेश गरी प्रतिवेदन तयार गरी

अधिकार प्राप्त अधिकारी बाट स्वीकृत गराउनु पर्ने प्रावधान छ । र त्यसरी लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालय/निकाय ले लागत अनुमानसम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स, त्यस्तो कामको कार्य क्षेत्रगत शर्त लगायतका विषयका आधारमा तयार गर्नुपर्दछ । पालिकाले नियमावली बमोजिम कार्यक्षेत्रगतशर्त सहितको ल.ई स्वीकृत नगरी तीन फर्म/सेवाप्रदायक संग प्रस्ताव मागी सम्झौता गरेको देखिन्छ । पालिकाले तालिम संचालनका लागि आफनै नर्म्स नबनाएकोमा मधेश प्रदेश सरकारले बनाएको प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ ले व्यवस्था गरेको नर्म्स पालना गर्नुपर्नेमा नमुना लेखापरीक्षण क्रममा पेश भएका देहायका कार्यक्रममा सो नर्म्स पालना गरेको देखिएन । नियमानुसार कार्यक्षेत्रगत शर्त समेत नबनाइएकोले कार्यक्रममा गरिएका जेनेरेटर, प्रोजेक्टर,गाडी भाडा, खाना खर्च लगायतको औचित्यता यकिन गर्न सकिएन, सो सम्बन्धमा पालिकाले सो खर्चको पुष्टयाई संलग्न गर्नुपर्दछ । लेखापरीक्षण क्रमका पेश भएका देहायको कार्यक्रमको भुक्तानी गरिएका केहि आइटम को अध्ययन गर्दा बढी दर भुक्तानी गरेको देखिएकोले सो रकम सम्बन्धित बाट असुल गर्ने रु.

| गो भौ | फर्म | तालिम | खर्च शिर्षक | भुक्तानी रकम | हुनुपर्ने | बढी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४१५/३-२२ | स्थानीय विकास प्रशिक्षण तथा परामर्श केन्द्र | महिला क्षमता तथा जनचेतना अभिवृद्धि कार्यक्रम ४ दिने दुई इभेन्ट (८ दिन) | सेसन पारिश्रमिक | ५७६०० | २५६०० | ३२००० | (रु.८००*४ सेसन/दिन*८ दिन) |
| ४८३ | स्थानीय तह तालिम तथा अनुसन्धान केन्द्र | बाल अधिकार तथा मनोसामाजिक परामर्श सम्बन्धी कार्यक्रम ४ दिने दुई इभेन्ट (८ दिन) | सेसन पारिश्रमिक | ५७६०० | २५६०० | ३२००० | (रु.८००*४ सेसन/दिन*८ दिन) |
| ४९१ | मैत्रीय परिवार महिला जागरण | महिला सशक्तिकरण सम्बन्धी कार्यक्रम(२ दिने ) | प्रशिक्षक भत्ता | २९००० | ६४०० | २२६०० | (रु.८००*४ सेसन/दिन*२ दिन) |
| ४४२/३-१७ | युनिक समाज उत्थान केन्द्र | न्यायिक समिति साक्षरता तालिम ३ दिने | प्रशिक्षक भत्ता | ३६००० | ९६०० | २६४०० | (रु.८००*४ सेसन/दिन*३ दिन) |
| | | | प्रतिवेदन | १६००० | २००० | १४००० | (प्रतिवेदक दर रु.२०००) |
| ५३९/३-२४ | आस्था नेपाल | मुस्लिम समुदायको मूलप्रवाहीकरण जनचेतना ३ दिने | प्रशिक्षक भत्ता | २४००० | ९६०० | २६४०० | (रु.८००*४ सेसन/दिन*३ दिन) |
| | | | प्रतिवेदन | ५००० | २००० | ३००० | (प्रतिवेदक दर रु.२०००) |
| ४८६/३-२३ | मानव विकास केन्द्र | उद्घोषण तथा नेतृत्व विकास तालिम २ दिने | कार्यपत्र | ९६०० | ६४०० | ३२०० | प्रतिदिन ४ कार्यपत्र |
| | | | प्रशिक्षण | २९६०० | ६४०० | २३२०० | (रु.८००*४ सेसन/दिन*२ दिन) |
| | | | प्रतिवेदन | ५८०० | २००० | ३८०० | (प्रतिवेदक दर रु.२०००) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४८५/३-२३ | कम्युनिटी डेवेलपमेन्ट सेन्टर | दलित समुदायको सशक्तिकरण ५ दिने | प्रशिक्षण भत्ता | ४०००० | १६००० | २४००० | (रु.८००*४ सेसन/दिन*५ दिन) |
| | | | प्रतिवेदन | ८००० | २००० | ६००० | (प्रतिवेदक दर रु.२०००) |
| जम्मा | | | | | | २१६६०० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१६,६०० |

८५ **प्रमाण पेस गर्ने -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(७) मा कुनै तालिम सेमिनार गोष्ठी को लागत अनुमान अधिकार प्राप्त अधिकारी बाट स्वीकृत भएको हुनुपर्ने र त्यसरी लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालय/निकाय ले लागत अनुमानसम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स, त्यस्तो कामको कार्यक्षेत्रगत शर्त लगायतका विषयका आधारमा तयार गर्नुपर्दछ । पालिकाले देहायको तालिम संचालन गर्दा ल.ई स्वीकृत गरे पनि सो तालिमको कार्यक्षेत्रगत शर्त संलग्न नगर्दा सो मा उल्लेखित खर्च आइटमको पुष्ट्याई हुने आधार देखिएन । २ दिने कार्यक्रम भनिएकोमा अस्वाभाविक ढंगले फिल्ड यातायात, प्रतिवेदन खर्च,उपकरण, तालिम सामग्री, संचार लगायतका खर्चको नाममा ठुलो रकम समावेश भएको देखिएकोले सो लागतहरु यथार्थजनक देखिएन । पालिकाले देहायको कार्यक्रमको ल.ई. को आधार र खर्चको पुष्ट्याई सहितको प्रमाण पेश गर्ने रु.

| गो भौ | तालिम | सेवाप्रदायक | रकम | कैफियत |
|---|---|---|---|---|
| ४८७/३-२३ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | स्टार ट्रेड एण्ड इन्जियारिंग प्रा.लि. | ४९२७३६ | क्षेत्रगत प्रतिवेदन भनि २४ दिनको रु.३१२०० र एकमुष्ट थप १५५००, उपकरण रु.२०१००० |
| ५०७/३-२३ | विपद व्यवस्थापन तालिम | रेड ड्रिम्स इन्टरनेशनल इन्जिनियरिंग | ४९९९१२ | क्षेत्रगत प्रतिवेदन भनि २१ दिनको रु.२७३०० र एकमुष्ट थप १५०००, उपकरण रु.२००००० |
| ४८८/३-२३ | कर्मचारीहरुको लागि सकारात्मक सोच सम्बन्धी तालिम | नेपाल ट्रेड एण्ड इन्जिनियरिंग प्रा.लि. | ४९२६८० | क्षेत्रगत प्रतिवेदन भनि ३२ दिनको रु.३८४०० र एकमुष्ट थप १७२००, तालिम सामग्री रु.१६२२०० |
| ५०५/३-२३ | समुदायमा आधारित प्राथमिक उपचार तालिम | सनराइज आइ.टी. सोलुसन प्रा.लि | ४९३५८८ | क्षेत्रगत प्रतिवेदन भनि ३२ दिनको रु.४०८०० र एकमुष्ट थप २००००, उपकरण रु.१८७००० |
| जम्मा | | | १९७८९१६ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,७८,९१६ |

८६ **स्प्रेयर वितरण-** पालिकाले यस वर्ष १९० थान स्प्रेयर रु.९७०००० मा खरिद गरी ५०% अनुदानमा वितरण गरेको छ । पालिकाले स्प्रेयर वितरणका लागि आधार र कार्यविधि तय नगरी वितरण गरेकोले वास्तविक लक्षित वर्गले नै

पाएको भनि सुनिस्चित हुन सकिएन । पालिका सबै प्रकारका अनुदान वितरणको आधार र कार्यविधि तय गरी वास्तविक लक्षित वर्ग लाभान्वित हुने वातावरण निर्माण गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८७ **जोड जम्मा फरक परेको -**पालिकाले सिलाइ तालिम सम्पन्न गरी विजय कुमार महतोले पेश गरेको बीलको आधारमा रु.५००००० पेश्की फछ्र्यौट गरेको छ । बीलामा संलग्न तेरिजको आधारमा खाजा खर्च बापत २६ जनाको रु.१५०का दरले ६० दिनको रु.२३४००० हुनुपर्नेमा रु.२४३७५० जोडजम्मा भएको देखिएकोले बढी भएको रकम रु.९७५० सम्बन्धित संग असुल गर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,७५० |

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: बटेश्वर गाउँपालिका, धनुषा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राजगिर महतो | २०८०-५-१५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | रामजी जोशी | २०७८-४-१८ | २०७९-४-१५ |
| लेखा प्रमुख | सुमन कुमार पुरी | २०७६-११-११ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,०५०,९२८ | १५,३०९,५२४ | ३३,७६४,१२७.०८ | ० | ० | ३,२४१,३९१ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५३,३६५,९७०.०८ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २४०,१५८ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५३,१२५,८१२.०८ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ७०८९०४२०.५४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २३१३२६४६८ | **चालु खर्च** | २२६३०४३७९ |
| **प्रदेश सरकारबाट अनुदान** | १९१८३९५९ | **पूँजीगत खर्च** | ११२९८०७५१ |
| **राजश्व बाँडफाँट** | ६२३६३२३९.२२ | **वित्तीय/अन्य व्यवस्था** | ९७४६८८३८ |
| **आन्तरिक आय** | ३४४८३५०.३३ | | |
| **अन्य आय** | ९९९८३४४८.५ | | |
| **कुल आय** | ४१६३०५४६५.०५ | **कुल खर्च** | ४३६७५३९६८ |
| **बाँकी मौज्दात** | | ५०४४१९१७.५९ | |

## बेरूजु दफा ३ सँग सम्बन्धित विवरण-अनुसूची-३

बटेश्वर गाउँपालिका

एकिकृत आर्थिक विवरण

आ व २०७९/८०

| आयतर्फ | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|
| सि नं | विवरण | रकम | सि नं | व्ययतर्फ | रकम |
| १ | गत वर्षको जिम्मेवारी | ७०८९०४२०।५४ | १ | चालु खर्च | १०७३३११२२ |
| | क बैक अनुसुची १ अनुसार | ६१०८१८३५.०४ | | संघिय वित्तिय समानिकरण | ५५५२५३८. |
| | ख धरौटी | ७२१०००९. | | प्रदेश वित्तिय समानीकरण | १९५६२४५. |
| | ग प्रकोप व्यवस्थापन कोष | ८८४००८. | | राजस्वा बाँडफाड संघिय सरकार | ५४२५५१४७.०१ |
| | घ विविध खर्च खाता | ८२१७९५.५ | | राजस्व बाँडफाँड प्रदेश सरकार | १५५०३५२. |
| | ङ विविध कोष खाता | ८९२७७३. | | राजस्व बाडफाँड स्थानीय | ८४००००. |

| | | | | | |
|---|---|---|---|---|---|
| 2 | संघिय वित्तिय हस्तान्तरण | २३१३२६४६८ | | आन्तरिक श्रोत | ४३१७६८३९.९९ |
| | क) वित्तिय समानिकरण अनुदान | ९४९९७५००. | २ | पूजिगत खर्च | ८३५९००८१ |
| | ख) सशर्त अनुदान चालु | ११८९७३२५७. | | संघीय वित्तिय समानिकरण | ६०८८२८४३. |
| | ग) सशर्त अनुदान पूजिगत | १२४८१८५८. | | प्रदेश वित्तिय समानिकरण | ३०५८५२७. |
| | घ) संघीय विशेष अनुदान | ४८७३८५३. | | राजस्व बाँडफाँड संघिय सरकार | २०६४११४. |
| 3 | प्रदेश सरकारबाट प्राप्त अनुदान | १९१८३९५९ | | राजस्व बाडफाँड सरकार | १०१५४२५. |
| | क) वित्तिय समानिकरण अनुदान | ७१४९०००. | | आन्तरिक श्रोत | १६५६९१७२. |
| | ख) सशर्त अनुदान | ९१७८६४१. | 3 | सशर्त अनुदान खर्च | १४८३६३९२७ |
| | ग) समपूरक अनुदान | ०. | | संघिय सशर्त अनुदान चालु | ११८९७३२५७. |
| | घ) विशेष अनुदान | २८५६३१८. | | संघीय सशर्त अनुदान पूजिगत | १२४८१८५८. |
| 4 | अन्तर अख्तियारी निकासा रकम | ८४२२२९७० | | प्रदेश सशर्त अनुदान | ९१७८६४१. |
| | क) सामाजिक सुरक्षा | ७५७९८५८९. | | प्रदेश समपूरक अनुदान | ०. |
| | ख) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ८४२४३८१. | | प्रदेश विशेष अनुदान | २८५६३१८. |
| 5 | अन्य आय | ६५८११५८९.५५ | | संघीय विशेष अनुदान | ४८७३८५३. |
| | आन्तरिक राजस्व | ३४४८३५०.३३ | ४ | अन्तर अख्तियारी खर्च रकम | ८४२२२९७० |
| | राजस्व बाडफाँड संघिय सरकार | ५८८०२०००.२२ | | सामाजिक सुरक्षा | ७५७९८५८९. |
| | राजस्व प्रदेश सरकार | २७२१२३९. | | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ८४२४३८१. |
| | स्थानीय राजस्व वाडफाड | ८४००००. | ५ | धरौटी फिर्ता | २३५२६११ |
| 6 | धरौटी प्राप्ती | १८००२८९. | ६ | विभिन्न कोष खर्च | १०८९३२५७ |
| 7 | विभिन्न कोष आम्दानी | १३६०१८९ | | क) बिबिध खर्च खाता/कोष- बैंक (ग २-७) | ९९०१२५७. |
| | क_ बिबिध खर्च खाता/कोष- बैंक (ग २-७) | १०७८८२६७.५ | | ख) बिबिध कोष खाता- बैंक (ग ५-१) | ०. |
| | ख) बिबिध कोष खाता- बैंक (ग ५-१) | ३११९२२. | | ग_) प्रकोष व्यवस्थापन कोष खाता- बैंक (ग ७-२) | १५२०००. |
| | ग_ प्रकोष व्यवस्थापन कोष खाता- बैंक (ग ७-२) | ०. | | घ_ विभाज्य कोष खाता- बैंक (ग ६-१) | ८४००००. |
| | घ_ विभाज्य कोष खाता- बैंक (ग ६-१) | २८६००००. | ७ | बैक मौज्दात | ५०४४१९१७.५९ |
| 8 | नसाटिएको चेक विवरण | ०. | | क) संचित कोष खाता | ३८११८७२१.५९ |
| | १. चालु खर्च खाता चेक साट्न बाँकी | ०. | | ख) धरौटी खाता | ६६५७६८७. |

| | | | | | |
|---|---|---|---|---|---|
| | २. पुंजिगत खर्च खाता चेक साट्न बाँकी | | | ग) विविध खर्च खाता | १७०८८०६. |
| | ३. विविध खर्च खाता चेक साट्न बाँकी | ०. | | घ) विभाज्य कोष खाता | २०२००००. |
| | ४ विविध/धरौटी चेक साट्न बाँकी | ०. | | ङ) स्थानीय तह विविध कोष खाता | १२०४६९५. |
| | ५ कर चेक साट्न बाँकी | ०. | | च) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ७३२००८. |
| | कूल जम्मा | ४८७१९५८८५.५९ | | कूल जम्मा | ४८७१९५८८५.५९ |

## बेरूजु दफा ४५ सँग सम्बन्धित विवरण - अनुसूची -४

| नाम | पद | रकम |
|---|---|---|
| राम अशिष महतो | अध्यक्ष | ९००० |
| फुल कुमारी सिंह | उपाध्यक्ष | १०१६७ |
| अशोक कुमार महतो कोइरी | वडा अध्यक्ष | ७६६७ |
| बिजय कुमार महतो | वडा अध्यक्ष | ७६६७ |
| राममणी कुश्वाहा | वडा अध्यक्ष | ७६६७ |
| निरज कार्की | वडा अध्यक्ष | ७६६७ |
| शवकरण यादव | वडा अध्यक्ष | ७६६७ |
| मनकुमारी तामाङ्ग | कार्यपालिका सदस्य | ६६६७ |
| राम हिर्दय महासेठ | कार्यपालिका सदस्य | ६६६७ |
| अनिता कुमारी दास | कार्यपालिका सदस्य | ६६६७ |
| सोमनी कुमारी दास | कार्यपालिका सदस्य | ६६६७ |
| मिथिला श्रेष्ठ | कार्यपालिका सदस्य | ६६६७ |
| तेतरी देवि रिवदास | गाउसभा सदस्य | ३००० |
| बन्देश्वरी महतो कोइरी | गाउसभा सदस्य | ३००० |
| दिपेन्द्र कुमार महतो | गाउसभा सदस्य | ३००० |
| राम सखि देवी ठाकुर | गाउसभा सदस्य | ३००० |
| रामप्रित महतो | गाउसभा सदस्य | ३००० |
| रामप्रसाद साह | गाउसभा सदस्य | ३००० |
| उर्मिला कर्माचार्य | गाउसभा सदस्य | ३००० |
| राम बरण ठाकुर | गाउसभा सदस्य | ३००० |
| राम किशोर महतो | गाउसभा सदस्य | ३००० |

| | | |
|---|---|---|
| कविता कुमारी | गाउसभा सदस्य | ३००० |
| देव नारायण महतो | गाउसभा सदस्य | ३००० |
| राम दयाल महतो कुश्वाहा | गाउसभा सदस्य | ३००० |
| अशोक कुमार यादव | गाउसभा सदस्य | ३००० |
| जागेश्वर मुखिया | गाउसभा सदस्य | ३००० |
| संजोगया सदा | गाउसभा सदस्य | ३००० |
| पारवति देवी चमार | गाउसभा सदस्य | ३००० |
| जम्मा | | १३८८३७ |

**नोट** - प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन (PAR) र अन्तिम लेखापरीक्षण प्रतिवेदन (FAR) मा जारी भएको दफाको क्रम संख्या हेरफेर हुन सक्नेछ।